व्यवस्थापिका-संसद

## वातावरण संरक्षण समिति

# वार्षिक प्रतिवेदन

## २०७३-०७४




व्यवस्थापिका-संसद सचिवालय

सिंहदरवार, काठमाडौं

फोन नं. ९७७-१-४२११८६५, ४२११७७६

E-mail: lpsepc.2070@gmail.com, URL: www.parliament.gov.np

व्यवस्थापिका-संसद

वातावरण संरक्षण समिति

# वार्षिक प्रतिवेदन

२०७३-०७४

# विषय सूची

## भाग १
## प्रारम्भिक


| | |
|---|---|
| पृष्ठभूमि | १ |
| समितिको गठन | १ |
| समितिको कार्यक्षेत्र | २ |
| समितिको काम, कर्तव्य र अधिकार | २ |
| उपसमितिको गठन | ३ |
| उपसमितिले कार्य गर्दा अपनाउने कार्यविधि | ४ |


## भाग २
## वातावरण संरक्षण समितिको कार्यक्षेत्र अन्तर्गतका मन्त्रालयहरुको कार्य विवरण


| | |
|---|---|
| खानेपानी तथा सरसफाई मन्त्रालयको कार्य विवरण | ५ |
| जनसंख्या तथा वातावरण मन्त्रालयको कार्यविवरण | ५ |
| वन तथा भू-संरक्षण मन्त्रालयको कार्य विवरण | ६ |
| विज्ञान तथा प्रविधि मन्त्रालयको कार्य विवरण | ८ |
| सहरी विकास मन्त्रालयको कार्य विवरण | ९ |


## भाग ३
## क्रियाकलाप/गतिविधि


| | |
|---|---|
| समितिका क्रियाकलाप र गतिविधि | १० |
| उपसमितिको क्रियाकलाप र गतिविधि | २५ |


## भाग ४
## स्थलगत अवलोकन भ्रमण सम्वन्धी प्रतिवेदनहरू


| | |
|---|---|
| आसफाल्ट प्लान्ट सम्वन्धी स्थलगत अनुगमन प्रतिवेदन | ३० |
| रारा राष्ट्रिय निकुञ्जको स्थलगत निरीक्षण भ्रमण प्रतिवेदन | ३८ |


## भाग ५
## समितिमा प्राप्त विधेयक उपर छलफल भई पारित प्रतिवेदनहरू


| | |
|---|---|
| वन ऐन, २०४९ लाई संशोधन गर्न बनेको विधेयकको प्रतिवेदन | ४१ |
| राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण (पाँचौ संशोधन) विधेयकको प्रतिवेदन | ४३ |
| संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियमन तथा नियन्त्रण गर्न बनेको विधेयकको प्रतिवेदन | ४७ |


## भाग ६
## निष्कर्ष तथा सुझाव


| | |
|---|---|
| निष्कर्ष | ४८ |
| समितिका आगामी दिनका कार्यहरु | ४९ |


## अनुसूची -१


| | |
|---|---|
| वातावरण संरक्षण समितिका माननीय सदस्यहरुको नामावली | ५१ |


## अनुसूची -२


| | |
|---|---|
| उपसमितिका माननीय सदस्यहरुको नामावली | ५२ |


## अनुसूची -३


| | |
|---|---|
| समिति सचिवालय | ५५ |


## अनुसूची -४


| | |
|---|---|
| वातावरण सम्वन्धित केही राष्ट्रिय ऐन, कानून, नीति, रणनीति तथा मापदण्डहरु | ५६ |

# मन्तव्य

व्यवस्थापिका-संसद नियमावली, २०७३ को नियम १९५ बमोजिम यस समितिले गत आर्थिक वर्षमा सम्पादन गरेका कार्यहरूको वार्षिक प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेश गर्ने प्रावधान बमोजिम यो गरिमामय व्यवस्थापिका-संसद समक्ष वातावरण संरक्षण समितिको आर्थिक वर्ष २०७३/०७४ को वार्षिक प्रतिवेदन पेश गर्न गइरहेको व्यहोरा निवेदन गर्दछु ।

व्यवस्थापिका-संसद नियमावली, २०७३ वमोजिम खानेपानी तथा सरसफाई मन्त्रालय, जनसंख्या तथा वातावरण मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालय, विज्ञान तथा प्रविधि मन्त्रालय र सहरी विकास मन्त्रालय गरी नेपाल सरकारका ५ वटा मन्त्रालयहरू यस समितिको कार्यक्षेत्र भित्र रहेका छन् । वातावरण संरक्षण Cross--Cutting Issue भएकोले उल्लेखित ५ मन्त्रालयका अतिरिक्त अन्य मन्त्रालयका वातावरणसँग जोडिएका विषय क्षेत्रहरू समेत यस समितिको कार्य क्षेत्र भित्र पर्दछन् ।

वातावरण संरक्षण समितिले समितिको वैठकमा कार्य क्षेत्रसँग सम्बन्धित मन्त्रालयहरूलाई आमन्त्रण गरी ती मन्त्रालयका कार्यहरूका विषयहरूमा छलफल गरी आवश्यकतानुसार निर्देशन दिने, दिएका निर्देशनहरूको सम्वन्धमा आवश्यकतानुसार स्थलगत अवलोकन भ्रमण गर्ने र आवश्यक परेमा पुनःमन्त्रालयका पदाधिकारी तथा अधिकारीहरू सहित समितिमा छलफल गर्ने जस्ता कार्यहरू गर्दै आइरहेको छ ।

समितिको आन्तरिक कामकारबाहीमा सहयोग पुर्‍याउन समितिले तोकेको कार्य क्षेत्रभित्रको विषयको अध्ययन गरी समिति समक्ष प्रतिवेदन पेश गर्न यस समिति अन्तर्गत कार्य परामर्श उपसमिति, वन तथा भू-संरक्षण उपसमिति, विज्ञान तथा प्रविधि उपसमिति, सहरी विकास उपसमिति, जनसंख्या तथा वातावरण उपसमिति, र खानेपानी तथा सरसफाई उपसमिति गठन गरिएको छ र यी समितिहरू आ-आफ्ना कार्य क्षेत्रमा क्रियाशील रहेका छन् ।

समितिका काम, कारवाहीहरू अध्ययन अनुसन्धानमा आधारित हुन पर्ने तथा समितिले दिएका निर्देशनहरूको कार्यान्वनय प्रभावकारी हुनु सके संसदीय समितिका निर्देशनहरूबाट सार्वजनिक क्षेत्रलाई समेत उत्तरदायी बनाउन सकिन्छ । आगामी दिनमा अध्ययन अनुसन्धान र अनुगमन प्रणालीलाई अभ्र बढी प्रभावकारी बनाई समितिलाई सक्रिय बनाउनु पर्ने आवश्यकता महशुस गरिएको छ भने अर्कोतिर विश्वव्यापी जलवायू परिवर्तनलाई न्यूनिकरण गर्न दिगो विकासका लक्ष्य (Sustainable Development Goals) अनुरूप जलवायू परिवर्तन सम्वन्धी नेपालले तय गरेका लक्ष्यहरू प्राप्तिका लागि समितिले आगामी दिनमा खेल्नु पर्ने भूमिका महत्वपूर्ण रहेको कुरा म स्मरण गराउन चाहन्छु । वातावरण संरक्षण समितिको निरन्तर प्रयासबाट वातावरण संरक्षण सम्वन्धी चेतना व्यापक रूपमा भएको छ । यसका अलवा दिगो विकासका लक्ष्यहरूको सिद्धान्त कृषि क्षेत्रमा व्यापक रूपमा प्रयोग भएको पाइएको छ । वातावरण संग सम्वन्धित मन्त्रालयहरू जस्तै सहरी विकास मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालय, जनसंख्या तथा वातावरण मन्त्रालय आदि जलवायू परिवर्तन र यसका असरहरू प्रति सचित भएको पाइएको छ । नागरिक समाज, संघ संस्था पनि वातावरण संरक्षण प्रति जागरूक भएको पाइन्छ ।

समितिले मुख्य रूपमा आगामी दिनमा निम्नानुसारका कार्यहरूलाई प्राथमिकतामा राखिएको व्यहोरा समेत यस सम्मानित सदनमा अवगत गराउन चाहन्छु ।

- समितिको रणनीतिक योजना तयार गरी समितिका आगामी दिनका क्रियाकलापहरूलाई निर्देशित गर्ने सम्वन्धी कार्य ।
- नेपाल पक्ष भएका वातावरण सम्वन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौता अनुरूप नेपालले वहन गर्नुपर्ने दायित्व र प्राप्त हुने अधिकारहरूको बारेमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने कार्य ।
- दिगो विकासका लक्ष्य अनुसार कार्य गरे, नगरेको विषयमा विस्तृत रूपमा अध्ययन गरी दिगो विकासका लक्ष्यहरूलाई प्राप्तिका लागि सरकारलाई निर्देशन दिने सम्वन्धी कार्य ।
- वन, नदी, जमिनको जथाभावी दोहन तथा जलवायु परिवर्तनबाट प्रत्यक्ष रूपमा मारमा परेका स्थानीय समुदाय, आदिवासी, जनजातिहरूको सम्वन्धमा अन्तर्राष्ट्रिय सन्धि, संझौताहरूले प्रदान गरेका सुहलियत, सुविधा तथा अधिकारहरू स्थापित गर्ने, गराउने सम्वन्धी कार्य ।
- जलवायू परिवर्तन अति संवेदशिल तथा जटिल विषय भएकोले यस विषयलाई सुक्ष्म रूपमा अध्ययन, अनुसन्धान, अनुगमन र कार्यान्वयन गर्न छुट्टै ऐन, नीति, नियमावली र कानूनको आवश्यकता भएकोले वातावरण संरक्षण गर्न छुट्टै उच्च स्तरीय निकाय गठन गर्नुपर्ने कार्य ।
- रोडा, ढुंगा, वालुवा आदि जम्मा भई तराईका भू-भाग प्रत्येक वर्षायाम ढुवानमा पर्नुवाट रोक्न भूक्षय रोक्नु पर्ने कार्य तथा जलाधार क्षेत्रको संरक्षण गर्नु पर्ने कार्य ।
- हिमाल, पहाड, नदीनाला, वनजंगलको अधिकारको संरक्षण गर्न छुट्टै ऐन, कानूनको व्यवस्था गर्ने कार्य ।
- विकास र वातावरण एक अर्कोका परिपुरक भएकोले यिनीहरूबीच आवश्यक तालमेल मिलाउनु पर्ने कार्य ।

अन्तमा, समितिको कार्य सम्पादनमा निरन्तर सहयोग पुऱ्याउनु हुने सम्माननीय सभामुखज्यू, माननीय उप-सभामुखज्यू, समितिका सम्पूर्ण माननीय सदस्यहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । त्यस्तै समितिलाई विभिन्न तवरबाट सहयोग पुऱ्याउनु हुने व्यवस्थापिका-संसदका महासचिव श्री मनोहरप्रसाद भट्टराई, सचिवालय सचिवद्वय श्री हिमलाल सुवेदी र बीरेन्द्रबहादुर कार्की एवं समिति सचिवालयमा कार्यरत कर्मचारीहरू एवं समितिको कार्यक्षेत्र भित्रका मन्त्रालय/ विभाग/ आयोग/ सचिवालय, विषय विज्ञहरू, सञ्चारकर्मी लगायत, विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय दातृ संघ-संस्थाहरू, नागरिक समाज लगायत अन्य सवै सरोकारवालाहरूलाई समितिको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु । धन्यवाद ।

(मा. गीता क्षेत्री)
सभापति

# भाग-१

# प्रारम्भिक

## १.१ पृष्ठभूमि

कानून बनाउने, त्यसको कार्यान्वयन गर्ने र न्याय सम्पादन गर्ने कार्यका लागि सिर्जना गरिएका सरकारका तीन अंग व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका मध्ये व्यवस्थापिका एक हो, जसले देशका लागि आवश्यक कानूनहरूको निर्माण गर्ने र सरकारलाई जनउत्तरदायी बनाउने कार्य गर्दछ । व्यवस्थापिका जनप्रतिनिधिहरूले सार्वभौमसत्ताको अधिकार प्रयोग गर्ने थलो भएकाले यसलाई राज्यको सर्वोच्च निकायको रूपमा लिइन्छ । जनप्रतिनिधिहरूको सबैभन्दा माथिल्लो तहलाई विधायिका, संसद, व्यवस्थापिका, प्रतिनिधिसभा, जनप्रतिनिधिसभा जस्ता विभिन्न नामहरूले सम्वोधन गर्ने गरिन्छ । नेपालमा यसलाई व्यवस्थापिका-संसदका नामले चिनिन्छ ।

व्यवस्थापिका-संसदको सफलता र प्रभावकारिता संसदीय समितिहरूकै सफलता र प्रभावकारितामा भर पर्दछ । संसदको प्रत्यक्ष निर्देशन, नियन्त्रणभित्र रहेर संसदीय अभ्यास गर्ने वास्तविक थलोको रूपमा संसदीय समितिहरूलाई लिइन्छ । व्यवस्थापिका-संसदले सम्पादन गर्ने कार्यहरूलाई संसदीय समितिहरूमा विभाजन गरी सम्पादन गर्ने गरिन्छ । Mini Parliament का रूपमा रहेका यस्ता समितिहरूलाई संसदका कार्यशाला पनि भन्ने गरिन्छ ।

व्यवस्थापिका-संसद नियमावली, २०७३ को नियम १७७ वमोजिम गठित विषयगत समितिहरू मध्ये वातावरण संरक्षण समिति पनि एक हो । सरकारलाई व्यवस्थापिका-संसदप्रति उत्तरदायी र जवाफदेही बनाउन एवं सरकारबाट भए गरेका वातावरणसँग सम्बन्धित काम कारवाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन, राय सल्लाह दिने मुख्य उद्देश्यका लागि संसदीय समितिहरूको गठन हुने व्यवस्था वमोजिम वातावरणको क्षेत्रमा गर्नु पर्ने नीतिगत, व्यवस्थापिकीय लगायतका क्रियाकलापहरूका सन्दर्भमा आवश्यक कानूनहरूको तर्जुमा गर्न, सरकारलाई व्यवस्थापिका-संसदप्रति वातावरणीय दृष्टिले उत्तरदायी र जवाफदेही बनाउन एवं सरकारबाट भए गरेका यस सम्वन्धी काम कारवाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन, राय सल्लाह दिने कार्यमा यो समिति क्रियाशील छ ।

## १.२ समितिको गठन

व्यवस्थापिका-संसद नियमावली, २०७३ को नियम १७९ मा सभामुखले व्यवस्थापिका-संसदको सहमति लिई पदेन सदस्य बाहेक बढीमा ५१ जना सदस्यहरू मनोनयन गर्न सक्ने व्यवस्था छ । यस व्यवस्था वमोजिम हाल वातावरण संरक्षण समितिमा पदेन सदस्य बाहेक ४३ जना सदस्यहरू रहनु भएको छ । समितिको कार्यक्षेत्रभित्र पर्ने सम्वन्धित मन्त्रालयका मन्त्री र प्रधानमन्त्री यस समितिमा पदेन सदस्यका रूपमा रहने व्यवस्था छ । व्यवस्थापिका-संसदमा प्रतिनिधित्व गर्ने सम्पूर्ण राजनीतिक दलको प्रतिनिधित्व हुने गरी महिला, आदिवासी/जनजाती, मधेशी, दलित, मुस्लिम, पिछडिएको क्षेत्र, खस-आर्य, अल्पसंख्यक तथा अन्य समुदायहरू मध्ये संसदमा रहेको उपस्थितिको आधारमा समानुपातिक प्रतिनिधित्वको सिद्धान्तलाई ध्यान दिई समितिको गठन गरिएको छ ।

यस समितिको गठन मिति २०७० साल चैत्र २६ गते भएको हो । समितिको मिति २०७१।०५।१५ गते बसेको १० औं बैठकले समितिका सदस्य मा. जनकराज चौधरीलाई सभापति पदमा निर्विरोध रूपमा चयन गरेको थियो तर मा. जनकराज चौधरी मन्त्री पदमा नियुक्त भएको कारण सभापति पद रिक्त भएकोले समितिको मिति २०७४ असार २२ गते बसेको बैठकले समितिका सदस्य मा. गीता क्षेत्रीलाई निर्विरोध रूपमा सभापति चयन गरेको थियो ।

यस समितिको मिति २०७१।०१।२४ गते पहिलो बैठक बसेको थियो । त्यस उप्रान्त हालसम्म समितिका १०८ वटा बैठकहरू सम्पन्न भै सकेका छन् ।

यस समितिको काम कारवाहीमा आवश्यक सहयोग पुर्‍याउन समितिको छुट्टै सचिवालय रहेको छ । सचिवालयमा कार्यरत कर्मचारीहरूको नामावली अनुसूची -३ मा राखिएको छ ।

## १.३ समितिको कार्य क्षेत्र

व्यवस्थापिका-संसद नियमावली, २०७३ को नियम १७७ (१) बमोजिम समितिको कार्यक्षेत्र भित्र देहायका मन्त्रालयहरू रहेका छन् :

- खानेपानी तथा सरसफाई मन्त्रालय,
- जनसंख्या तथा वातावरण मन्त्रालय,
- वन तथा भू-संरक्षण मन्त्रालय,
- विज्ञान तथा प्रविधि मन्त्रालय र
- सहरी विकास मन्त्रालय ।

वातावरण संरक्षणको विषय हाल विश्वव्यापी चासो र चिन्तनको विषय बनेको छ । वातावरणले समग्र प्रणालीका प्रायः सबै आयामहरूलाई प्रभावित पार्ने भएकोले यसलाई वहुपक्षीय र Cross-Cutting Issue का रूपमा लिने गरिन्छ । यस समितिले मूलतः वातावरणमैत्री गतिविधि मार्फत दिगो विकासलाई केन्द्रमा राखी कार्य गर्ने र भावी सन्ततीहरूका आवश्यकता परिपूर्ति गर्ने क्षमतामा ह्रास नआउने गरी वर्तमानमा संचालन गरिने विकासका गतिविधिहरू वातावरणीय पक्षलाई संवोधन गरी अघि बढेका छन्/छैनन् भन्ने विषयलाई नीतिगत तथा व्यवस्थापकीय लगायतका आयामबाट हेर्ने हुँदा वातावरणसँग जोडिएका अन्य मन्त्रालय, आयोग, सचिवालयका कार्यहरू समेत यस समितिको कार्य क्षेत्रभित्र पर्दछन् ।

## १.४ समितिको काम, कर्तव्य र अधिकार

व्यवस्थापिका-संसद नियमावली, २०७३ को नियम १८२ मा व्यवस्था भए बमोजिम यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः

१. समितिको कार्यक्षेत्रभित्र पर्ने मन्त्रालय र अन्तर्गतका निकायहरूको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरू यस्तै क्रियाकलापको मूल्यांकन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन व्यवस्थापिका-संसदको बैठकमा पेश गर्ने ।

२. समितिको कार्यक्षेत्रभित्र पर्ने मन्त्रालय र अन्तर्गतका निकायहरूको राजस्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरीका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा के कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफनो राय सहितको वार्षिक प्रतिवेदन व्यवस्थापिका-संसदको बैठकमा पेश गर्ने ।

३. मन्त्रिपरिषद्का सदस्यहरूले सरकारको तर्फबाट सभामा समय समयमा दिएका आश्वासनहरूलाई पूरा गर्न नेपाल सरकारद्वारा के कस्ता कदमहरू उठाइएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र व्यवस्थापिका-संसदको बैठकमा प्रतिवेदन पेश गर्ने ।

४. विषयसँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए, नभएको अध्ययन, अनुगमन र मूल्यांकन गरी निर्देशन दिने र व्यवस्थापिका-संसदको बैठकमा प्रतिवेदन पेश गर्ने ।

५. सरकारद्वारा प्रचलित ऐन, नियम अनुरूप भए गरेका काम कारवाही बारे छलफल गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने ।

६. सरकारद्वारा समय समयमा गठन हुने छानविन आयोग/समिति र जाँचबुझ आयोग/समितिहरूद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने ।

७. मन्त्रालय, विभाग र अन्य निकायहरूबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्यांकन गरी सो सम्वन्धमा आवश्यक निर्देशन दिने ।

८. समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधीनमा रही आफनो कार्यक्रम संचालन गर्ने र

९. माथि उल्लेखित विषयहरू बमोजिम कार्य सम्पादन गर्दा सम्बन्धित मन्त्रालय तथा विभागका प्रतिनिधिहरू र आवश्यक परे तत् तत् विषयका विशेषज्ञहरूसँग समेत विचारको आदान प्रदान गर्ने ।

१०. व्यवस्थापिका-संसदको बैठकले सुम्पेका अन्य काम गर्ने ।

## १.५ उपसमितिको गठन

नियमावलीमा भएको व्यवस्था अनुसार समितिको आन्तरिक काम कारबाही सञ्चालन गर्न वा समितिको कार्य क्षेत्रभित्रको विषयको अध्ययन गरी समिति समक्ष प्रतिवेदन पेश गर्न समितिका सदस्यहरू मध्येबाट उपसमिति गठन गर्न सक्ने नियमावलीको नियम १९१ मा व्यवस्था भए बमोजिम वातावरण संरक्षण समितिले देहायका उपसमितिहरू गठन गरेको छ :

१. वन तथा भू-संरक्षण उपसमिति
२. विज्ञान तथा प्रविधि उपसमिति
३. सहरी विकास उपसमिति
४. जनसंख्या तथा वातावरण उपसमिति
५. खानेपानी तथा सरसफाई उपसमिति
६. कार्य परामर्श उपसमिति

उपसमितिमा रहनु हुने माननीय सदस्यहरूको नामावली अनुसूची -२ मा उल्लेख गरिएको छ ।

## १.६ उपसमितिहरुले कार्य गर्दा अपनाउने कार्यविधि

उपसमितिहरू गठन गर्दा समितिले तोकिदिएको कार्य क्षेत्रभित्रको विषयको अध्ययन गरी समिति समक्ष प्रतिवेदन पेश गर्ने गरी तपसिल वमोजिमको कार्यविधि तय गरिएको छ :

कार्यपरामर्श उपसमितिको कार्यविधि देहायबमोजिम रहेको छ ।

- समितिको बैठकको कार्यसूची तयार गर्ने ।
- सभापति र उपसमितिहरूलाई आवश्यक राय सुझाव दिने ।
- समितिको बैठक प्रभावकारी रूपमा सञ्चालन गर्न मद्दत गर्ने ।

उपसमितिहरूको कार्यविधि देहाय बमोजिम रहेको छ ।

- संयोजकको निर्देशन अनुसार कार्य सञ्चालन गर्ने । कम्तिमा प्रत्येक हप्ता बैठक बस्ने ।
- सम्बन्धित मन्त्रालय/विभाग/संघसंस्था/आयोजना/परियोजनाहरूसंग छलफल गर्ने र आवश्यक राय सुझाव दिने ।
- एक उप समितिको सदस्यले कुनै अर्को उप समितिको बैठकमा भाग लिन चाहेमा संयोजकको अनुमतिले बैठकमा भाग लिने ।
- समितिको बैठकको निर्णयानुसार उप-समितिका सदस्यहरू थपघट र हेरफेर हुन सक्ने ।
- उप-समितिहरूको कार्य क्षेत्र एवं विषय सम्बन्धमा द्विविधा उत्पन्न भएमा सभापतिको निर्णय बमोजिम उप समितिहरूले कार्य गर्ने ।
- विषयसँग सम्बन्धित विषयविज्ञहरूलाई वैठकमा छलफलका लागि आमन्त्रित गर्न सक्ने ।
- उपसमितिले गरेका निर्णयहरू समितिबाट अनुमोदन गराउने र मासिक रूपमा समिति समक्ष प्रगति प्रतिवेदन पेश गर्ने ।
- कुनै विषयको अध्ययनका क्रममा स्थलगत भ्रमणको आवश्यकता भएमा उपसमितिको निर्णयले सभापति मार्फत सभामुखको स्वीकृति बमोजिम भ्रमण गर्ने ।
- उपसमितिहरूले समितिप्रति जवाफदेहि भई कार्य गर्ने ।
- सम्वन्धित मन्त्रालयलाई समितिले दिइएको निर्देशनहरू कार्यान्वयन भए नभएको जानकारी लिई समितिलाई जानकारी गराउने ।
- उपसमितिले अन्य उपसमितिका संयोजकहरूलाई बैठकमा आमन्त्रित गर्न सक्ने ।
- उपसमितिले सम्वन्धित मन्त्रालयको ऐन, नियम बारे छलफल गरी समितिलाई राय सुझाव दिने ।
- उपसमितिहरूले आफ्नो क्षेत्रसँग सम्वन्धित रही आफ्नो **TOR** आफै बनाई लागू गर्न पनि सक्नेछ ।

# भाग-२

# वातावरण संरक्षण समितिको कार्यक्षेत्र अन्तर्गतका मन्त्रालयहरूको कार्य विवरण

वातावरण संरक्षण समितिको कार्यक्षेत्रभित्र पर्ने मन्त्रालयका कार्यहरूको अध्ययन, विश्लेषण गरी सो कार्यहरूबारे नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरू यस्तै क्रियाकलापको मूल्यांकन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन व्यवस्थापिका-संसदको बैठकमा पेश गर्ने समितिको मुख्य कार्य हो ।

## २.१ खानेपानी तथा सरसफाई मन्त्रालयको कार्य विवरण

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ अनुसार खानेपानी तथा सरसफाई मन्त्रालयबाट सम्पादन गरिने कार्यहरूलाई निम्नानुसार विभाजन गरिएको छ ।

- खानेपानी सम्वन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्यांकन,
- खानेपानी, सरसफाई तथा ढल निकास,
- काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड,
- काठमाडौं उपत्यका खानेपानी लिमिटेड,
- काठमाडौं उपत्यका खानेपानी तथा सरसफाई आयोजना कार्यान्वयन निर्देशनालय,
- नेपाल खानेपानी संस्थान,
- मेलम्ची खानेपानी विकास समिति तथा मेलम्ची खानेपानी आयोजना र अन्य खानेपानीसँग सम्वन्धित विषय,
- खानेपानी तथा महशुल निर्धारण आयोग,
- नेपाल इन्जिनियरिङ सेवा, सिभिल इन्जिनियरिङ समूहको स्यानिटरी उपसमूहको सञ्चालन ।

## २.२ जनसंख्या तथा वातावरण मन्त्रालयको कार्य विवरण

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ अनुसार जनसंख्या तथा वातावरण मन्त्रालयबाट सम्पादन गरिने कार्यहरूलाई निम्नानुसार विभाजन गरिएको छ ।

- वातावरण तथा जनसंख्या सम्वन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन,
- वातावरण तथा जनसंख्या सम्वन्धी अध्ययन तथा अनुसन्धान र सर्वेक्षण, तालिम र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, सम्मेलन आदि,

- वातावरण तथा जनसंख्या सम्वन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थासँग सम्पर्क र समन्वय,
- सरकारी तथा गैरसरकारी संघ संस्थाद्वारा कार्यान्वयन गरिएका वातावरण तथा जनसंख्या सम्वन्धी कार्यक्रमको मूल्यांकन तथा समिक्षा,
- वातावरण तथा जनसंख्या सम्वन्धी जनशक्तिको विकास र उपयोग,
- वातावरण क्षेत्रमा भएका प्रगतिको अन्वेषण तथा अनुसन्धान,
- वातावरण सम्वद्ध विश्वविद्यालयसँग सम्पर्क तथा समन्वय,
- वातावरण विषयक द्विपक्षीय र बहुपक्षीय सम्झौता तथा समझदारीपत्र,
- जल तथा मौसम विज्ञान विषयक अध्ययन, अनुसन्धान र भविष्यवाणी,
- जैविक प्रविधिको अध्ययन, अनुसन्धान, प्रवर्द्धन, विकास, उपयोग र नियमन,
- जलवायु परिवर्तन तथा अनुकूलन,
- वातावरण तथा जनसंख्या विषय सम्वन्धी प्रकाशन एवं प्रचार-प्रसार,
- प्रदूषण नियन्त्रण, वातावरण संरक्षण र सन्तुलन,
- वैकल्पिक उर्जा विकास,
- संयूक्त राष्ट्र जनसंख्या कोष र जनसंख्या सम्वद्ध अन्तर्राष्ट्रिय संघ संस्था,
- जनसंख्या व्यवस्थापन, जनसंख्या तथा बसाइसराइ नीति, योजना र कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन ।

## २.३ वन तथा भू–संरक्षण मन्त्रालयको कार्य विवरण

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ अनुसार वन तथा भू–संरक्षण मन्त्रालयबाट सम्पादन गरिने कार्यहरूलाई निम्नानुसार विभाजन गरिएको छ ।

- वन तथा भू-संरक्षण सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन,
- राष्ट्रिय वन क्षेत्र, सरकार वन, सरकारद्धारा व्यवस्थित वन, धार्मिक वन, सामुदायिक वन, साझेदारी वन, कवुलियती वन, चकला वन तथा नीजि वन आदि,
- सरकारी र गैर-सरकारी वन क्षेत्रको सर्वेक्षण, नाप नक्सा र सीमा निर्धारण,
- वन जंगलको संरक्षण, उपयोग, सम्बर्द्धन र व्यवस्थापन,
- वन पैदावार (काठ, दाउरा, वन्यजन्तु, जडीबुटी, गैर-काष्ठ पदार्थ, वन क्षेत्रको पानी, माटो, ढुङ्गा, गिट्टी, बालुवा आदि) को संरक्षण र व्यवस्थापन,

- वन जन्य उद्योग दिगो संचालनका लागि र कच्चा पदार्थहरूको प्रवन्ध र व्यवस्थापन,
- वन सम्बन्धी अध्ययन, अनुसन्धान, प्रचार-प्रसार, तालिम, क्षमता अभिवृद्धि आदि,
- वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता तथा प्राकृतिक वातावरणको संरक्षण, सदुपयोग र लाभको बाँडफाँड,
- राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र, सीमसार क्षेत्र र चरन क्षेत्रसँग सम्बन्धित कानुन संशोधनको विषय,
- हात्तीसार र चिडियाखानाको व्यवस्थापन,
- भू तथा जलाधार क्षेत्र संरक्षण, बृहत जलाधार क्षेत्र तथा ताल-तलैयाको संरक्षण, सम्बर्द्धन, विकास र समन्वय र व्यवस्थापन,
- प्राकृतिक वातावरणको संरक्षण र सन्तुलन,
- वनस्पति र जडिबुटी सम्बन्धी नीति तथा अध्ययन, अनुसन्धान, प्रचार-प्रसार सर्वेक्षण, संकलन, प्रवर्द्धन, प्रशोधन, उत्पादन र उपयोग तथा व्यवसायीकरण,
- वनस्पति उद्यान तथा जडीबुटी उद्योग,
- वनस्पति,  वन्यजन्तु र जैविक विविधता संग्रहालय,
- वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, वन क्षेत्रसँग सम्बन्धित जलवायु परिवर्तन, जलाधार संरक्षण र भू-संरक्षण सम्बन्धी प्रदर्शनी तथा प्रचार-प्रसार,
- वन, वनस्पति, वन्यजन्तु जलाधार संरक्षण, जैविक विविधता र भू-संरक्षण सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्धी सम्झौताको कार्यान्वयन,
- वन, वनस्पति, वन्यजन्तु जलाधार संरक्षण र भू-संरक्षण सम्बन्धी विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्थाहरूसँग समन्वय र सम्पर्क,
- प्रकृति संरक्षण ग्रीनरी पार्क (Greenary Park) को नीति निर्माण गर्ने,
- सरकारी, सार्वजनिक र निजी क्षेत्रमा वृक्षारोपण, वन विकास तथा व्यवस्थापन, र
- नेपाल वन सेवाको सञ्चालन ।

## २.४ विज्ञान तथा प्रविधि मन्त्रालयको कार्य विवरण

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ अनुसार विज्ञान तथा प्रविधि मन्त्रालयबाट सम्पादन गरिने कार्यहरूलाई निम्नानुसार विभाजन गरिएको छ ।

- विज्ञान र सूचना प्रविधि सम्वन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन,
- विज्ञान र प्रविधि सम्वन्धी अध्ययन तथा अनुसन्धान र सर्वेक्षण, तालिम र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, सम्मेलन आदि,
- विज्ञान र प्रविधि सम्वन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सम्पर्क र समन्वय,
- सरकारी तथा गैरसरकारी संघ संस्थाद्वारा कार्यान्वयन गरिएका विज्ञान र प्रविधि सम्वन्धी कार्यक्रमको मूल्यांकन तथा समीक्षा,
- विज्ञान र प्रविधि सम्वन्धी जनशक्तिको विकास र उपयोग,
- विज्ञान तथा प्रविधिको विकास तथा विस्तारका कार्यक्रम,
- विज्ञान र प्रविधिको क्षेत्रमा भएका प्रगतिको अन्वेषण तथा अनुसन्धान,
- विज्ञान र प्रविधि सम्वद्ध विश्वविद्यालयसँग सम्पर्क तथा समन्वय,
- विज्ञान र प्रविधिसँग सम्वन्धित सामाग्रीको उत्पादन, आपूर्ति तथा व्यवस्थापन,
- अत्याधुनिक प्रविधि विषयक तथ्यांक संकलन, प्रशोधन र सर्वेक्षण,
- विज्ञान प्रविधि विषयक द्विपक्षीय र बहुपक्षीय सम्झौता तथा समझदारीपत्र,
- सूचना प्रविधिको विकास र विस्तार,
- पारमाणविक (Nuclear) प्रविधिको उपयोग तथा प्रवर्द्धन र त्यसको अनुगमन, नियन्त्रण र नियमन,
- रासायनिक पदार्थको उपयोग तथा प्रवर्द्धन र त्यसको अनुगमन, नियन्त्रण र नियमन,
- अन्तरिक्ष विज्ञान सम्वन्धी अध्ययन तथा अनुसन्धान,
- सूचना प्रविधि सम्वन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था,
- नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान,
- विज्ञान तथा प्रविधि परिषद्
- राष्ट्रिय विधि विज्ञान प्रयोगशाला,
- प्लानेटोरियम, वेधशाला र विज्ञान संग्रहालय ।

## २.५ सहरी विकास मन्त्रालयको कार्य विवरण

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ अनुसार सहरी विकास मन्त्रालयबाट सम्पादन गरिने कार्यहरूलाई निम्नानुसार विभाजन गरिएको छ ।

- सहरी विकास र सहरी पूर्वाधार विकास सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन,
- नगरपालिका तथा नगरोन्मुख स्थानहरूको भौतिक योजना तथा कार्यक्रमको कार्यान्वयन, समन्वय, अनुगमन र मूल्याङ्कन,
- सरकारी भवनको निर्माण, मर्मत-सम्भार, रेखदेख र सुरक्षा,
- भवन र अन्य निर्माण सामाग्रीको प्रविधि, अनुसन्धान तथा विकास सम्बन्धी संहिता र मापदण्डको तयारी तथा कार्यान्वयन,
- सहरीकरण, सहरी भू-उपयोग र सहरी विकास सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा र कार्यान्वयन,
- बसोबास र वस्ती विकास,
- अव्यवस्थित बसोबासको व्यवस्थापन, सहरी विपन्न वर्ग तथा सहरी आवास विहीनको आवास व्यवस्थापन,
- केन्द्रीय सचिवालयको भवन व्यवस्थापन,
- मन्त्रिपरिषदका सदस्य, संवैधानिक अंगका प्रमुख आदिको आवास व्यवस्था,
- नगर विकास समिति र आवास तथा सहरी विकास सम्बन्धी संस्थाको रेखदेख,
- आवास निर्माण सम्बन्धी गैरसरकारी क्षेत्रका संस्थाको प्रवर्द्धन तथा विकास,
- आवास तथा सहरी विकास सम्बन्धी अन्तर्राष्ट्रिय वा क्षेत्रीय संघ-संस्थासँग सम्पर्क सहयोग,
- रणनीतिक सडक वाहेकका सहरी सडक,
- विशिष्ट सहरी संरचनाको डिजाइन र निर्माण,
- काठमाडौं उपत्यका विकास प्राधिकरण,
- नगर विकास प्रशिक्षण केन्द्र,
- सिंहदरवार विकास समिति,
- अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति,
- अधिकार सम्पन्न बाग्मती सभ्यता एकिकृत विकास समिति
- ग्रामीण आवास कम्पनी लिमिटेड,
- नेपाल इन्जिनियरिङ सेवा, सिभिल इन्जिनियरिङ समूहको बिल्डिङ्ग एण्ड आर्किटेक्ट उपसमूहको संचालन ।

# भाग-३

# क्रियाकलाप/गतिविधी

## ३.१ समितिका क्रियाकलाप/गतिविधि

समितिको गठन यता हालसम्म जम्मा १०८ वटा बैठकहरू सम्पन्न भएका छन्, जसमध्ये गत आर्थिक वर्षमा अर्थात मिति २०७३/०४/०१ गते देखि २०७४/०३/३२ सम्म समितिका बैठक संख्या ८२ देखि १०६ सम्म गरी २५ वटा बैठकहरू सम्पन्न भएका छन् । समितिले यस अवधिमा गरेका उल्लेखित बैठकहरू मार्फत सम्वन्धित मन्त्रालय/निकायहरूलाई दिइएका निर्देशनहरू, गरेका निर्णय तथा काम कारवाही निम्नानुसार रहेका छन् :

| क्र.स. | बैठक संख्या | मिति | काम कारवाहीहरू |
|---|---|---|---|
| १. | ८२ | २०७३/०४/०७ | १. आजको बैठकमा "वन्यजन्तुहरुको संरक्षण र चुनौतीहरु" विषयमा Jane Goodall Institute Nepal को तर्फबाट विज्ञ श्री मनोज गौतमले गर्नुभएको प्रस्तुतीकरण माथि समितिमा छलफल भयो ।<br>२. तपशीलका व्यक्तिहरुलाई विषय विज्ञका रुपमा सूचीकृत गरी आवश्यकतानुसार समितिका बैठकहरुमा आमन्त्रण गर्ने ।<br>तपशील<br>१. श्री सन्तोषमणि नेपाल (वन, वातावरण र जैविक विविधता)<br>२. डा. रवि शर्मा अर्याल (वन, वातावरण र कानून)<br>३. श्री गंगाप्रसाद राई, संखुवासभा (वन, वातावरण र कानून)<br>४. श्री घनश्याम पाण्डे, दाङ्ग (वन र वातावरण) |
| २. | ८३ | २०७४३/०४/१० | १. आजको बैठकमा "नेपालमा पाइने चराहरुको अवस्था र चुनौतीहरु" विषयमा ZSL Nepal को तर्फबाट विज्ञ डा. हेमसागर बराल र डा. भगवान राज दाहालले गर्नुभएको प्रस्तुतीकरण माथि समितिमा विस्तृत छलफल भयो ।<br>२. विवाद समाधान उपसमितिले आसफाल्ट प्लाण्ट |

| क्र.स. | बैठक संख्या | मिति | काम कारवाहीहरू |
|---|---|---|---|
| | | | सम्वन्धमा गरेको स्थलगत अनुगमन सम्वन्धी प्रतिवेदन समितिका माननीय सदस्यहरुलाई वितरण गरियो ।<br>३. समितिको आगामी बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित भयो । |
| ३. | ८४ | २०७३/०४/१८ | आजको बैठकमा "नेपाल आदर्श निर्माण कम्पनीले ललितपुर जिल्लाको बागडोलमा सञ्चालन गरेको आसफाल्ट प्लान्ट" सञ्चालनका सम्वन्धमा माननीय सदस्यहरुले बोल्ने क्रम बाँकी नै रहेकोले अर्को बैठकमा पुन: छलफल गर्ने गरी आजको बैठक स्थगित भयो । |
| ४. | ८५ | २०७३/०४/२७ | आजको बैठकमा "नेपाल आदर्श निर्माण कम्पनीले ललितपुर जिल्लाको बागडोलमा सञ्चालन गरेको आसफाल्ट प्लान्ट" सञ्चालनका सम्वन्धमा माननीय सदस्यहरुले बोल्ने क्रम बाँकी नै रहेकोले अर्को बैठकमा पुन: छलफल गर्ने गरी आजको बैठक स्थगित भयो । |
| ५. | ८६ | २०७३/०४/३१ | १. ललितपुरको बागडोलमा अवस्थित नेपाल आदर्श निर्माण कम्पनीको आसफाल्ट प्लान्ट लगायत यस प्रकृतिका प्लान्टहरुको संचालन र व्यवस्थापनका सम्वन्धमा विवाद समाधान उपसमितिसँग सम्वन्य र छलफल गरी समितिका सभापतिको नेतृत्वमा आदर्श निर्माण कम्पनीको उक्त प्लान्ट लगायत सो जिल्ला भित्र रहेका यस प्रकारका प्लान्टहरुको स्थलगत अध्ययन अनुगमन गर्न टोली निर्माण गर्ने र सो टोलीले सम्वन्धित जिल्लाका माननीय सदस्यहरु, सम्वन्धित मन्त्रालयका विषय विज्ञ, स्थानीय निकायका प्रतिनिधि, स्थानीय प्रशासन र स्थानीय सरोकारवालाहरु समेतलाई |

| क्र.स. | बैठक संख्या | मिति | काम कारवाहीहरू |
|---|---|---|---|
| | | | प्रतिनिधिमूलक तरिकाले सहभागी गराई अन्तक्रिर्यात्मक छलफल गर्ने ।<br><br>२. वन तथा भू-संरक्षण उपसमितिले समिति मार्फत निर्णय हुन भनी पेश गरेका विषयहरु मध्ये खोटो संकलन सम्वन्धी विषय र चितवन राष्ट्रिय निकुञ्जको सीमाना हेरफेर सम्वन्धी विषयमा पछि छलफल गर्ने ।<br><br>३. वन तथा भू-संरक्षण मन्त्रालयबाट दर्ता भएको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ लाई संशोधन गर्न बनेको विधेयक, २०७१ माथि स्थानीय स्तरमा छलफल गरी राय सुझाव लिनका लागि वातावरण संरक्षण समितिको आयोजनामा उपयुक्त समयमा पहिलो चरणमा वर्दिया र चितवन जिल्लामा अन्तर्क्रिया कार्यक्रम गर्ने र सो कार्यक्रममा तपशिल बमोजिमका उपसमितिबाट पाँच र समितिबाट पाँच गरी दश जना माननीय सदस्यहरु र समिति सचिवालयबाट दुई जना कर्मचारीहरु समेत रहने गरी टोली गठन गर्न वन तथा भू-संरक्षण उपसमितिबाट सिफारिश भए बमोजिमको प्रस्तावलाई अनुमोदन गर्ने ।<br><br>तपशिल<br>मा. जनकराज चौधरी, *समिति सभापति*<br>मा. राजाराम स्याङतान, *उपसमिति संयोजक*<br>मा. कविताकुमारी सरदार<br>मा. कमला विश्वकर्मा<br>मा. मिठु मल्ल<br>मा. लिला मगर<br>मा. सीता लुइटेल (ज्ञवाली)<br>मा. पार्वत गुरुङ |

| क्र.स. | बैठक संख्या | मिति | काम कारवाहीहरू |
|---|---|---|---|
| | | | मा. दिर्घराज भाट<br>मा. सूर्यप्रकाश वाला राई<br>उल्लेखित टोलीले आफ्नो कार्यविधि आफै निर्माण गर्ने र भ्रमण अवधि आगामी भाद्र ५ गतेदेखि १० गतेसम्मको हुने ।<br>४. समितिमा प्राप्त भएका विधेयकहरुका सम्वन्धमा स्थानीय स्तरमा अन्तर्क्रियात्मक छलफल गरी राय, सुझाव लिन आवश्यक देखिएमा उपयुक्त समयमा सहयोगी संस्थाहरुको समेत संलग्नतामा सभापतिले कार्यक्रम तय गर्ने र कार्यक्रममा सहभागी हुने माननीय सदस्यहरुको चयन आवश्यकतानुसार सभापतिले गर्ने ।<br>५. मेलम्ची खानेपानी आयोजना सम्वन्धी उपसमितिका संयोजकले उपसमितिको म्याद उक्त आयोजना अवधिभरका लागि थप गर्न समिति समक्ष गर्नु भएको प्रस्तावलाई स्वीकृत गर्ने । |
| ६. | ८७ | २०७३/०५/३० | १. "संघीय व्यवस्थामा वन क्षेत्रको कार्य विश्लेषण तथा संस्थागत संरचनाको प्रस्ताव" सम्वन्धी अध्ययनका बारेमा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका विज्ञ समूहद्वारा गरिएको प्रस्तुतीकरणका सम्वन्धमा भएको छलफल पश्चात् समितिका माननीय सदस्यहरुबाट आएको सुझावलाई समेत मध्य नजर गरी प्रस्तावलाई थप परिमार्जन गर्न निर्देशन दिने ।<br>२. वन ऐन, २०४९ लाई संशोधन गर्न बनेको विधेयक, २०७१ का बारेमा विधेयकको औचित्य र आवश्यकाका सम्वन्धमा भएको सैद्धान्तिक छलफल समाप्त गरी अर्को बैठकबाट दफावार छलफल गर्न सम्पूर्ण संशोधनकर्ता माननीय सदस्यहरुलाई |

| क्र.स. | बैठक संख्या | मिति | काम कारवाहीहरु |
|---|---|---|---|
| | | | आगामी बैठकमा आमन्त्रण गर्ने । |
| ७. | ८८ | २०७३/०६/०४ | १. वन ऐन, २०४९ लाई संशोधन गर्न बनेको विधेयक, २०७१ माथिको दफावार छलफल प्रारम्भ भयो । साथै उक्त दफावार छलफलमा संशोधनकर्ता माननीय सदस्यहरु, समितिका माननीय सदस्यहरु, वन तथा भू-संरक्षण मन्त्री र सरोकारवाला मन्त्रालयका अधिकारीहरुले भाग लिनुभयो ।<br>२. आजको दफावार छलफलको क्रम बाँकी नै रहेकोले समितिको अर्को बैठक मिति २०७३ असोज ६ गते बिहिवार बिहान ८:०० बजे बस्ने गरी स्थगित भयो । |
| ८. | ८९ | २०७३/०६/०६ | १. वन ऐन, २०४९ लाई संशोधन गर्न बनेको विधेयक, २०७१ माथि भएको दफावार छलफलको क्रममा उठेका विषयवस्तुहरुलाई समेटी प्रतिवेदन तयार गरी पेश गर्न समिति सचिवालयलाई निर्देशन दिने ।<br>२. प्रतिवेदन प्राप्त भए पश्चात् उक्त प्रतिवेदनलाई समितिको बैठकमा छलफल गर्ने गरी आजको बैठक स्थगित भयो । |
| ९. | ९० | २०७३/०६/१६ | समिति सचिवालयले पेश गरेको वन ऐन, २०४९ लाई संशोधन गर्न बनेको विधेयक, २०७१ को प्रतिवेदनमा सामान्य छलफल पश्चात् उक्त प्रतिवेदन सर्वसम्मत रुपमा पारित भयो । साथै पारित प्रतिवेदनलाई व्यवस्थापिका-संसदको बैठकमा पेश गर्ने निर्णय भयो । |
| १०. | ९१ | २०७३/०७/१० | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ लाई संशोधन गर्न बनेको विधेयक, २०७१ का बारेमा विधेयकको औचित्य र आवश्यकता सम्वन्धमा सैद्धान्तिक छलफल समाप्त भयो । अर्को बैठकबाट दफावार |

| क्र.स. | बैठक संख्या | मिति | काम कारवाहीहरू |
|---|---|---|---|
| | | | छलफल गर्न सम्पूर्ण संशोधनकर्ता माननीय सदस्यहरुलाई आगामी बैठकमा आमन्त्रण गर्ने । |
| ११. | ९२ | २०७३/०७/११ | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ लाई संशोधन गर्न बनेको विधेयक, २०७१ माथि भएको दफावार छलफलको क्रम बाँकी नै रहेकोले समितिको अर्को बैठकमा थप छलफल गर्ने गरी आजको बैठक स्थगित भयो । |
| १२. | ९३ | २०७३/०८/१३ | १. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ लाई संशोधन गर्न बनेको विधेयक, २०७१ माथि भएको दफावार छलफलको क्रम बाँकी नै रहेकोले समितिको अर्को बैठकमा थप छलफल गर्ने ।<br>२. भक्तपुर जिल्लाभित्र संचालनमा रहेका इट्टाभट्टा तथा चिम्नी उद्योगहरुले वातावरणमा पारेको असरका सम्वन्धमा सञ्चालित उद्योगहरुको विवरण माग गरी आवश्यकतानुसार स्थलगत अवलोकन समेत गरी अध्ययन गर्ने ।<br>३. वन तथा भू-संरक्षण मन्त्रालयलाई विगतमा दिइएका देहाय वमोजिमका निर्देशनहरुको कार्यान्वयनको अवस्थाका बारेमा ७ दिनभित्र जानकारी उपलब्ध गराउन निर्देशन दिने :<br>नेपालमा रहेका झ्याउसंग सम्बन्धित उद्योग सञ्चालन गर्नका लागि विस्तृत रुपमा अध्ययन गरी श्रोत सर्वेक्षणको परिधिभित्र रही श्रोतको अधिक दोहन नहुने गरी आवश्यक कानुनी व्यवस्था मिलाई उद्योग सञ्चालन गर्न, गराउन दिएको निर्देशन ।<br>भूकम्प पिडितहरुलाई उपलब्ध गराउनु पर्ने काठ दाउरा सम्वन्धी निर्देशन । |

| क्र.स. | बैठक संख्या | मिति | काम कारवाहीहरू |
|---|---|---|---|
| | | | समितिले आखेटोपहारलाई व्यवस्थित गर्ने सम्वन्धमा दिएको निर्देशन ।<br>४. शहरी विकास सम्वन्धी उपसमितिले पेश गरेको उपसमितिको तपसिल वमोजिमका निर्णयहरुलाई अनुमोदन गर्ने ।<br>५. शहरी क्षेत्रमा मापदण्ड बमोजिम बसोवासका लागि नीतिगत व्यवस्था भए तापनि शहरोन्मुख ग्रामीण क्षेत्रमा बढिरहेको अव्यवस्थित बसोवासलाई बेलैमा व्यवस्थित बनाउनका Rural Settlement Planning तयार गरी सो अनुरुपका मापदण्ड लागू गर्न सम्वन्धित निकायलाई निर्देशन दिने ।<br>६. सबै नगरपालिकाहरुमा कम्तीमा २० फिटको सडकको मापदण्ड र भवन निर्माण सम्वन्धी मापदण्डलाई अनिवार्य रुपमा लागू गर्न/गराउन सम्वन्धित निकायलाई तत्काल निर्देशन दिन शहरी विकास मन्त्रालयलाई निर्देशन दिने ।<br>७. शहरी विकास मन्त्रालयलाई Land use map तयार गरी उपसमितिमा छलफलका लागि पेश गर्न निर्देशन दिने ।<br>८. यु.एन. पार्क लगायत यस्तै प्रकृतिका देशभरका अन्य पार्कहरुलाई PPP (Public Private Partnership) Model मा संचालन गर्न शहरी विकास मन्त्रालयलाई निर्देशन दिने ।<br>९. पुराना शहरहरुमा हालको सडक सम्वन्धी मापदण्ड लागू गराउन सम्भव नहुने भए बस्ती छली Bypass Road को सम्भावना भएमा त्यसलाई प्राथमिकता दिन शहरी विकास मन्त्रालयलाई निर्देशन दिने ।<br>१०. शहरी विकासका कार्यक्रमहरु संचालन गर्दा सम्वन्धित सबै निकायहरुबीच अनिवार्य रुपमा समन्वय गरेर मात्र कार्यक्रम |

| क्र.स. | बैठक संख्या | मिति | काम कारवाहीहरू |
|---|---|---|---|
| | | | संचालन गर्ने व्यवस्था मिलाउन निर्देशन दिने ।<br>११. शहरी विकास मन्त्रालयले संचालन गरेको जनता आवास कार्यक्रम लगायत अन्य कार्यक्रमहरुको उपयुक्त समयमा स्थलगत अवलोकन गरी प्रतिवेदन पेश गर्न देहाय बमोजिमका सदस्यहरु रहने गरी पूर्व तर्फ एक र पश्चिम तर्फ एक गरी दुईवटा स्थलगत अवलोकन भ्रमण टोली गठन गर्ने ।<br>**पूर्वतर्फ**<br>मा. जुनैद अन्सारी<br>मा. सकलदेव सुतिहार<br>मा. राजकुमारी गडेरिया<br>मा. रंजित कर्ण<br>मा. शान्तिदेवी चौधरी<br>**पश्चिमतर्फ**<br>मा. सुशिला चौधरी<br>मा. मदनवहादुर अमात्य<br>मा. मानपुर चौधरी<br>मा. मुक्तिप्रसाद पाठक<br>मा. मधु शाही ठकुरी<br>१२. उपत्यकाको खानेपानी समस्यालाई दीर्घकालिन रुपमा समाधान गर्न मेलम्ची बाहेक उपत्यकाको नजिक रहेको सिस्नेरी, कोगटे लागायतका खोलाको पानी ल्याउने सम्वन्धमा अध्ययन गर्न शहरी विकास मन्त्रालय लगायत अन्य सरोकारवाला निकायसँग समन्वय गर्न खानेपानी तथा सरसफाई मन्त्रालयलाई निर्देशन दिने । |
| १३. | ९४ | २०७३/०९/०६ | १. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ लाई संशोधन गर्न बनेको विधेयक, |

| क्र.स. | बैठक संख्या | मिति | काम कारवाहीहरू |
|---|---|---|---|
| | | | २०७१ माथि भएको दफावार छलफलको क्रम बाँकी नै रहेकोले समितिको अर्को बैठकमा थप छलफल गर्ने गरी आजको बैठक स्थगित भयो ।<br>२. संयुक्त राष्ट्र संघले सन् २030 सम्ममा विश्वका सम्पूर्ण सदस्य राष्ट्रहरुलले पूरा गर्नुपर्ने विश्वव्यापी दिगो विकासका लक्ष्यहरु मध्ये नेपालले पूरा गर्नुपर्ने लक्ष्यहरुका सम्वन्धमा सरकार र सम्वन्धित निकायलाई जागरुकता गराउने र लक्ष्यहरु समयमै पूरा गर्न विशेष पहल गर्ने अभिप्रायले वातावरण संरक्षण समितिको आयोजना तथा **WWF** को सहकार्यमा देशका सातवटै प्रदेशमा सम्वन्धित सरकारी निकायका पदाधिकारीहरु र यस क्षेत्रमा काम गर्ने सम्पूर्ण निकायहरुका विच अन्तरक्रियात्मक कार्यक्रम गरी जागरण ल्याउने उद्देश्यले समितिका सभापतिको सभापतित्वमा समितिका सदस्यहरु र आवश्यकता अनुसार समिति सचिवालयका कर्मचारीहरु समेतको उपस्थिति रहने गरी उपयुक्त समयमा कार्यक्रमहरु आयोजना गर्ने निर्णय भयो । |
| १४. | ९५ | | १. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ लाई संशोधन गर्न बनेको विधेयक, २०७१ को संशोधन सहितको प्रतिवेदनलाई व्यवस्थापिका-संसदको बैठकमा आनुसांगिक सुधार सहित पेश गर्न समितिबाट स्वीकृत भयो ।<br>२. समितिको आ.ब. २०७२/०७३ को वार्षिक प्रतिवेदनलाई स्वीकृत गरी व्यवस्थापिका- |

| क्र.स. | बैठक संख्या | मिति | काम कारवाहीहरु |
|---|---|---|---|
| | | | संसदको बैठकमा पेश गर्ने कार्यका लागि तयार भएको प्रतिवेदन समितिका मा. सदस्यहरुलाई अध्ययनका लागि वितरण गर्ने निर्णय भयो ।<br>३. समितिले चन्द्रागिरी हिल्स लि. द्वारा चन्द्रागिरी काठमाडौंमा संचालित चन्द्रागिरी केवलकार परियोजनास्थलको मिति २०७३ माघ १२ गते बुधवार बिहान ८:०० बजे अनुगमन गर्ने निर्णय भयो । |
| १५. | ९६ | २०७३/१०/१३ | १. संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियमन तथा नियन्त्रण गर्न बनेको विधेयक, २०७२ माथि संशोधनकर्ता माननीय सदस्यहरु, माननीय मन्त्री, वन तथा भू-संरक्षण मन्त्रालय एवं सरोकारवाला निकायहरुको उपस्थितिमा सैद्धान्तिक छलफल भयो ।<br>२. व्यवस्थापिका-संसद, वातावरण संरक्षण समितिको आ.ब. २०७२-०७३ के वार्षिक प्रतिवेदन सम्मानित सदन समक्ष प्रस्तुत गर्ने प्रयोजनार्थ अनुमोदन गऱ्यो ।<br>३. जिल्ला विकास समितिको कार्यालय, ललितपुरबट मिति २०७३ माघ ७ गते यस समिति समक्ष पेश भएको ललितपुर जिल्लामा अवस्थित ढुंगा एवं वालुवा खानीहरुको संचालनार्थ निवेदन माथि छलफल भयो । |
| १६. | ९७ | २०७३/१०/२० | १. संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियमन तथा नियन्त्रण गर्न बनेको विधेयक, २०७२ माथि संशोधनकर्ता माननीय सदस्यहरु, माननीय मन्त्री, वन तथा भू-संरक्षण मन्त्रालय एवं सरोकारवाला निकायहरुको उपस्थितिमा दफावार छलफल भयो साथै दफावार छलफलबाट पारित भएको विषयहरुलाई |

| क्र.स. | बैठक संख्या | मिति | काम कारवाहीहरू |
| --- | --- | --- | --- |
| | | | प्रतिवेदनका रुपमा तयार गरी छलफलका लागि समिति समक्ष पेश भयो ।<br>२. प्रस्तुत प्रतिवेदन माथि पुन: छलफल भई पारित भएको प्रतिवेदन व्यवस्थापिका-संसदको बैठकमा पेश गर्ने निर्णय भयो । |
| १७. | ९८ | २०७३/१२/०१ | मेलम्ची खानेपानी आयोजनाले काठमाडौं उपत्यकामा सडक भत्काई पाइप बिच्छाउदा यसबाट निस्किएको धुलो माटोले मानव स्वास्थ्यमा गम्भिर असर पारेको हुन्दा तत्कालै धुलोबाट उत्पन्न चरम प्रदूर्षणलाई न्यूनिकरण गर्न तत्कालीन रुपमा पानी छर्कने, अलकत्राको झोल छर्कने अनि यथाशक्य चाँडो कालोपत्रे गरी स्थायी समाधान गर्न र प्रभावकारी अनुगमन गर्नका साथै कामदारहरुको संख्या बढाउने लगायतका अस्थायी र स्थायी सबै विकल्पहरुको प्रयोगको साथै वातावरणमैत्री विकास निर्माण कार्य गर्नका लागि खानेपानी तथा सरसफाई मन्त्रालय, मेलम्ची खानेपानी आयोजना कार्यान्वयन निर्देशनालय र काठमाडौं उपत्यका खानेपानी लिमिटेड **(KUKL)** लाई निर्देशन दिने र उक्त कार्यको प्रगति विवरण १५/१५ दिन भित्र समितिलाई उपलब्ध गराउने । |
| १८. | ९९ | २०७३/१२/०७ | १. **काठमाडौं उपत्यकामा बढ्दै गएको वायू प्रदूषण न्यूनिकरण गर्न अन्तर निकायसँग समन्वय गरी कार्य योजना निर्माण गरी कार्य गर्ने, प्लाष्टिकको झोला प्रयोगमा लगाइएको प्रतिवन्ध नतिजामूलक रुपमा लागू गर्न यस कार्यको लागि निरन्तर रुपमा अनुगमन गर्न एवं वायू प्रदूषण र प्लाष्टिक झोला नियन्त्रणमा भएको कार्य तथा प्रगति सार्वजनिक सञ्चारको माध्यमबाट आम नागरिकलाई पाक्षिक रुपमा जानकारी गराउने र यस बारेमा भएको प्रगति विवरण समितिलाई मासिक रुपमा उपलब्ध गराउन जनसंख्या तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।** |

| क्र.स. | बैठक संख्या | मिति | काम कारवाहीहरू |
|---|---|---|---|
| | | | २. वन तथा भू-संरक्षण मन्त्रालयको माग बमोजिम समितिमा विचाराधिन रहेको "वनस्पति तथा वनस्पति स्रोतको सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७२" लाई व्यवस्थापिका-संसद नियमावली, २०७३ को नियम १३७ को उपनियम (२) बमोजिम समितिबाट फिर्ता दिने निर्णय भयो । |
| १९. | १०० | २०७३/१२/०८ | मुलुकको जैविक विविधता, प्राकृतिक स्रोत साधनको दिगो र व्यवस्थित उपयोगद्वारा पर्यटन प्रवर्द्धनको लागि सुझाव दिने निर्णय भयो । |
| २०. | १०१ | २०७३/१२/२० | १. यस समितिका सभापति मा. जनकराज चौधरी संयोजक रही गठन भएको उपसमितिले ललितपुर जिल्लाको बागडोलमा संचालित नेपाल आर्दश निर्माण कम्पनी प्रा.लि. लगायत यस्तै प्रकृतिका अन्य आसफाल्ट प्लान्टको सम्वन्धमा अध्ययन अनुगमन गरी पेश गरेको प्रतिवेदनमा उल्लेखित देहायको निष्कर्ष तथा सुझावलाई अनुमोदन गरी प्रतिवेदनलाई पारित गर्ने ।<br><br>निष्कर्ष तथा सुझाव<br><br>"स्थलगत भ्रमण टोलीले भ्रमणको क्रममा देखेका ललितपुर जिल्ला वडा नं. ३ र ४ मा स्थित नेपाल आर्दश निर्माण कम्पनी प्रा.लि.हरु लगायत यस्तै प्रकृतिका अन्य प्लान्ट सम्वन्धी स्थलगत निरिक्षण र अन्तरक्रिया कार्यक्रमबाट आएका सुझावहरु सम्वन्धित मन्त्रालय/निकायहरुबाट प्राप्त धारणा/विचारहरुका आधारमा निम्नानुसारको निष्कर्ष निकालिएको छ ।<br><br>उक्त क्षेत्रमा नेपाल आर्दश निर्माण कम्पनीले संचालन गरेका आसफाल्ट प्लान्ट मात्र नभई त्यसका वरपर यस्तै प्रकृतिका अन्य प्लान्टहरु पनि संचालनमा रहेको जुन भौतिक पूर्वाधार तथा |

| क्र.स. | बैठक संख्या | मिति | काम कारवाहीहरू |
|---|---|---|---|
| | | | विकास निर्माण कार्यका लागि अति आवश्यक प्लान्ट भएकोले वातावरणीय मापदण्डलाई प्राथमिकतामा राखी संचालन गर्दा उपयुक्त देखिन्छ । <br><br> समग्रमा यस्ता खालका प्लान्टहरु विकास निर्माणका लागि अपरिहार्य आवश्यकता भएकोले विकास निर्माणलाई मध्यनजर गर्दै आधुनिक उपकरण जडित नेपाल आदर्श निर्माण कम्पनी लगायत ललितपुर जिल्लामा रहेका अन्य प्लान्टहरु तथा देशका विभिन्न स्थानमा संचालनमा रहेका प्लान्टहरुले वातावरणीय स्वच्छतालाई कायम गर्ने गरी संचालन गर्ने गराउने व्यवस्था मिलाउन नेपाल सरकार मन्त्रिपरिषद्, गृह मन्त्रालय, उद्योग मन्त्रालय, जनसंख्या तथा वातावरण मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई निर्देशन दिने ।” <br><br> २. सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियमन तथा नियन्त्रण गर्न बनेको विधेयकको दफा ३ को उपदफा (२) को खण्ड (ग) मा रहेको “नमूना उत्पादन गर्न,” भन्ने शब्दपछि “निकासी वा पैठारी गर्न,” भन्ने शब्दहरु थप गरी आनुसांगिक सुधारका लागि व्यवस्थापिका-संसदलाई पत्राचार गर्न समितिबाट सहमति प्राप्त भयो । |
| २१. | १०२ | २०७३/१२/२१ | आजको बैठकमा सन् २०१६ देखि २०३० सम्मको लागि विश्वव्यापी रुपमा तय भएको दिगो विकासको लक्ष्यहरु पूरा गर्ने सम्वन्धमा नेपालले तय गरेको रोडम्याप, लक्ष्य प्राप्तिमा रहेको चुनौतीहरुका बारेमा रीष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. मिनवहादुर श्रेष्ठ, सदस्य मा. प्रभु बुढाथोकी लगायत योजना आयोगका उच्च अधिकारीहरुसँग छलफल गरियो । |

| क्र.स. | बैठक संख्या | मिति | काम कारवाहीहरू |
|---|---|---|---|
| २२. | १०३ | २०७४/०२/१९ | १. यस समितिका सभापति मा. जनकराज चौधरी संघीय मामिला तथा स्थानिय विकास राज्यमन्त्री पदमा नियुक्त हुनु भएकोमा समितिको तर्फबाट हार्दिक बधाई दिँदै उहाँको सफल कार्यकालको लागि शुभकामना व्यक्त गरियो ।<br>२. व्यवस्थापिका संसद नियमावली ०७३ नियम १८१ को उपनियम १(क) बमोजिम यस समितिको सभापतिको पद रिक्त हुन आएकोले सभापतिको पदपूर्ति गर्ने प्रक्रिया तथा समयका लागि सम्मानननीय सभामुखज्यू समक्ष अनुरोध गर्ने निर्णय गरियो ।<br>३. वातावरण दिवसको अबसरमा वातावरण संरक्षण समितिको अगुवाइमा मिति २०७४ जेष्ठ २४ गते विहान ८.00 बजे आयोजना हुने वातावरणसँग सम्बन्धित कार्यक्रम व्यवस्थापनको लागि जनसंख्या तथा वातावरण मन्त्रालयलाई पत्राचार गर्ने निर्णय गरियो । |
| २३. | १०४ | २०७४/०३/२२ | व्यवस्थापिका-संसद नियमावली, २०७३ को नियम १८० को उपनियम (२) बमोजिम दर्ता भएको उम्मेदवारीको प्रस्ताव बमोजिम वातावरण संरक्षण समितिका सदस्य माननीय गीता क्षेत्री व्यवस्थापिका-संसद नियमावली, २०७३ को नियम १८० को उपनियम (४) बमोजिम समिति सभापति पदमा निर्विरोध निर्वाचित हुनु भएको घोषणा गरियो । |
| २४. | १०५ | २०७४/०३/२५ | १. समितिका नवनिर्वाचित सभापति मा. गीता क्षेत्री एवं समितिका मा. सदस्यहबीच परिचयात्मक कार्यक्रम भयो ।<br>२. समितिका माननीय सदस्यहरुबाट समितिले विगत र वर्तमानमा गरिरहेको कार्य एवं भविष्यमा गर्नुपर्ने कामहरुको बारेमा जानकारी प्राप्त हुनुका साथै सबैको सहकार्य, सहयोगमा समितिको कार्य अगाडि बढाउने प्रतिवद्धता व्यक्त भयो । |

| क्र.स. | बैठक संख्या | मिति | काम कारवाहीहरू |
|---|---|---|---|
| २५. | १०६ | २०७४/०३/३० | १. समितिको काम कारवाहीलाई प्रभावकारी रुपमा अगाडि बढाउने उद्देश्यले समिति सभापतिको संयोजकत्वमा एक कार्य परामर्श उपसमितिको गठन गर्ने निर्णय भयो । साथै गठित उपसमितिमा समितिमा प्रतिनिधित्व गर्ने सबै दलबाट एक/एक जना सदस्य रहने गरी सात सदस्यीय उपसमितिको गठन भयो ।<br>२. समिति अन्तरर्गत रहेका मन्त्रालयहरुबाट मन्त्रालयगत रुपमा एक/एक वटा उपसमिति गठन गर्ने र उपसमितिका संयोजकहरु दलिय सहमतिमा कार्य परामर्श उपसमितिले टुंगाउने निर्णय भयो । |

### ३.२ समिति अन्तर्गत गठित उपसमितिका क्रियाकलाप/गतिविधी

समितिले गठन गरेका उल्लेखित ६ वटा उपसमितिहरूबाट तोकिएको कार्यक्षेत्रभित्रको विषयमा भएका काम, कारवाहीहरू, निर्णय तथा निर्देशनहरू निम्नानुसार रहेका छन् :

### ३.२.१ वन तथा भू-संरक्षण उपसमिति

समितिको मिति २०७४ असार ३० गतेको १०६औं बैठकले यस उपसमितिको पूनर्गठन गरेको थियो । यस उपसमितिले हालसम्म १४ वटा बैठक सम्पन्न गरेको र यस आ.व. मा सम्पन्न गरेका निर्णयहरू निम्नानुसार रहेका छन् :

| क्र.सं. | बैठक संख्या | मिति | उपसमितिका निर्णयहरु |
|---|---|---|---|
| १. | १० | २०७३/०४/१२ | • भद्रकाली रोजिन एण्ड टर्पेन्टाइन इन्ड्ष्टिज प्रा.लि., भवानी केमिकल्स प्रा.लि. र हिमाल रोजिन एण्ड टर्पेन्टाइन जडिबुटी प्रशोधन प्रा.लि. ले मा. सभापतिज्यूलाई सम्वोधन गरी मिति २०७३/०२/३२ गते दिएको निवेदनको सम्वन्धमा छलफल हुँदा निवेदनमा दर्शाइएका विषयका बारेमा विस्तृत जानकारी गराउन तथा नेपालभर सञ्चालनमा रहेका यस प्रकृतिका के-कति उद्योगहरुसँग वन तथा भू-संरक्षण मन्त्रालयले सम्झौता गरी खोटो संकलनको कार्य गर्न दिएको छ, सोको विवरण सहित वन तथा भू-संरक्षण मन्त्रालयका सचिव र वन विभागका महानिर्देशकलाई उपसमितिको बैठकमा आमन्त्रण गर्ने ।<br>• मिति २०७३/०४/११ गते भिमाद-७, तनहुँ निवासी धनन्जय खनालले मा. सभापतिज्यूलाई सम्वोधन गरी नेपाल सरकार मन्त्रिपरिषद्ले नेपालकै पहिलो चितवन राष्ट्रिय निकुञ्जको सीमाना हेरफेर गर्न लागेकोमा सो हुन नदिन आवश्यक कारवाही गरिपाउँ भनी दिनुभएको निवेदन उपर भएको छलफल पश्चात् सो सम्वन्धमा वन तथा भू-संरक्षण मन्त्रालयको आवश्यक राय प्रतिक्रिया सहित छलफलका लागि उक्त मन्त्रालयका सचिव एवं राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशकलाई उपसमितिको बैठकमा आमन्त्रण गर्ने ।<br>• उपसमितिको अर्को बैठक २०७३ साल श्रावण २३ गते आइतबार बिहान ८:०० बजे बस्ने गरी आजको बैठक स्थगित भयो । |
| २. | ११ | २०७३/०४/२३ | • २०६३/११/१४ लगायतका विभिन्न मितिहरुमा दिब्य रोजिन एण्ड टर्पेन्टाइन प्रा.लि. र नेपाल सरकारबीच भएको सम्झौता बमोजिम खोटो संकलन गर्न उपलब्ध गराइएका नेपालका विभिन्न |

| क्र.सं. | बैठक संख्या | मिति | उपसमितिका निर्णयहरु |
|---|---|---|---|
| | | | जिल्लाहरुको स्थलगत अवलोकन समेत गरी थप अध्ययन गरेर निष्कर्षमा नपुगुञ्जेलसम्म यस सम्वन्धमा थप कुनै पनि कामकारवाही अगाडि नबढाउन वन तथा भू-संरक्षण मन्त्रालयलाई निर्देशन दिन समिति समक्ष सिफारिश गर्ने ।<br>• साविकमा भैरहेको चितवन राष्ट्रिय निकुञ्जको सीमाना हेरफेर गर्दा जंगलको विनास हुने, वातावरणमा प्रतिकूल असर पर्ने तथा अन्य संरक्षित क्षेत्रमा समेत यस प्रकारका सीमाना हेरफेर सम्वन्धी समस्याहरु नजिर हुन सक्ने भएकोले नेपाल सरकारबाट चितवन राष्ट्रिय निकुञ्जको सीमाना हेरफेर सम्वन्धमा भएको निर्णयलाई पूनर्विचार गर्न नेपाल सरकार मन्त्रिपरिषद् र वन तथा भू-संरक्षण मन्त्रालयलाई निर्देशन दिन समिति समक्ष सिफारिश गर्ने ।<br>• वन तथा भू-संरक्षण मन्त्रालयबाट दर्ता भएको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ लाई संशोधन गर्न बनेको विधेयक, २०७१ माथि स्थानीय स्तरमा छलफल गरी राय सुझाव लिनका लागि वातावरण संरक्षण समितिको आयोजनामा उपयुक्त समयमा पहिलो चरणमा वर्दिया र चितवन जिल्लामा अन्तर्क्रिया कार्यक्रम गर्ने र सो कार्यक्रममा उपसमितिबाट पाँच र समितिबाट पाँच गरी दश जना माननीय सदस्यहरु र समिति सचिवालयबाट दुई जना कर्मचारीहरु समेत रहने गरी टोली गठन गर्न समिति समक्ष अनुमोदनका लागि सिफारिश गर्ने । |
| ३. | ७ | २०७३/०७/०४ | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ लाई संशोधन गर्न बनेको विधेयक, २०७१ माथि परेका संशोधनहरुमा विस्तृत छलफल भयो । साथै उक्त संशोधनहरुलाई समितिको आगामी बैठकबाट थप छलफल गर्ने गरी आजको बैठक स्थगित भयो । |

### ३.२.२ विज्ञान तथा प्रविधि सम्वन्धी उपसमिति

समितिको मिति २०७४ असार ३० गतेको १०६औं बैठकले यस उपसमितिको पूनर्गठन गरेको हो ।

### ३.२.३ सहरी विकास उपसमिति

समितिको मिति २०७४ असार ३० गतेको १०६औं बैठकले यस उपसमितिको पूनर्गठन गरेको हो । उपसमितिको गठन भए पश्चात उपसमितिका हालसम्म ७ वटा बैठकहरू सम्पन्न भएका छन् । यस आ.व. मा सम्पन्न गरेका निर्णयहरू निम्नानुसार रहेका छन् :

| क्र.सं. | बैठक संख्या | मिति | उपसमितिका निर्णयहरु |
|---|---|---|---|
| १. | ४ | २०७३/०५/१५ | आजको बैठकमा सहरी विकास मन्त्रालयले सम्पादन गर्ने काम कारवाहीको विषयमा छलफल भयो साथै उपसमितिको आगामी बैठकमा सहरी विकास मन्त्रालयका सचिवलाई आमन्त्रण गरी थप जानकारी लिने निर्णय भयो । |
| २. | ५ | २०७३/०८/०६ | १. शहरी क्षेत्रमा मापदण्ड बमोजिम बसोवासका लागि नीतिगत व्यवस्था भए तापनि शहरोन्मुख ग्रामीण क्षेत्रमा बढिरहेको अव्यवस्थित बसोवासलाई बेलैमा व्यवस्थित बनाउनका Rural Settlement Planning तयार गरी सो अनुरुपका मापदण्ड लागू गर्न सम्वन्धित निकायलाई निर्देशन दिने ।<br>२. सबै नगरपालिकाहरुमा कम्तीमा २० फिटको सडकको मापदण्ड र भवन निर्माण सम्वन्धी मापदण्डलाई अनिवार्य रुपमा लागू गर्न/गराउन सम्वन्धित निकायलाई तत्काल निर्देशन दिन शहरी विकास मन्त्रालयलाई निर्देशन दिने ।<br>३. शहरी विकास मन्त्रालयलाई Land use map तयार गरी उपसमितिमा छलफलका लागि पेश गर्न निर्देशन दिने ।<br>४. यु.एन. पार्क लगायत यस्तै प्रकृतिका देशभरका अन्य पार्कहरुलाई PPP (Public Private Partnership) Model मा संचालन गर्न शहरी विकास मन्त्रालयलाई निर्देशन दिने ।<br>५. पुराना शहरहरुमा हालको सडक सम्वन्धी मापदण्ड लागू गराउन सम्भव नहुने भए बस्ती छली Bypass Road को सम्भावना भएमा त्यसलाई प्राथमिकता दिन शहरी विकास मन्त्रालयलाई निर्देशन दिने ।<br>६. शहरी विकासका कार्यक्रमहरु संचालन गर्दा सम्वन्धित सबै निकायहरुबीच अनिवार्य रुपमा समन्वय गरेर मात्र कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाउन निर्देशन दिने । |

| क्र.सं. | बैठक संख्या | मिति | उपसमितिका निर्णयहरु |
|---|---|---|---|
| | | | ७. शहरी विकास मन्त्रालयले संचालन गरेको जनता आवास कार्यक्रम लगायत अन्य कार्यक्रमहरुको उपयुक्त समयमा स्थलगत अवलोकन गरी प्रतिवेदन पेश गर्न देहाय बमोजिमका सदस्यहरु रहने गरी पूर्व तर्फ एक र पश्चिम तर्फ एक गरी दुईवटा स्थलगत अवलोकन भ्रमण टोली गठन गर्ने ।<br>**<u>पूर्वतर्फ</u>**<br>मा. जुनैद अन्सारी<br>मा. सकलदेव सुतिहार<br>मा. राजकुमारी गडेरिया<br>मा. रंजित कर्ण<br>मा. शान्तिदेवी चौधरी<br>**<u>पश्चिमतर्फ</u>**<br>मा. सुशिला चौधरी<br>मा. मदनवहादुर अमात्य<br>मा. मानपुर चौधरी<br>मा. मुक्तिप्रसाद पाठक<br>मा. मधु शाही ठकुरी<br>८. उपत्यकाको खानेपानी समस्यालाई दीर्घकालिन रुपमा समाधान गर्न मेलम्ची बाहेक उपत्यकाको नजिक रहेको सिस्नेरी, कोगटे लागायतका खोलाको पानी ल्याउने सम्वन्धमा अध्ययन गर्न शहरी विकास मन्त्रालय लगायत अन्य सरोकारवाला निकायसँग समन्वय गर्न खानेपानी तथा सरसफाई मन्त्रालयलाई निर्देशन दिने ।<br>९. उल्लेखित निर्णयहरु समिति मार्फत सम्वन्धित निकायलाई निर्देशन हुन समितिमा पेश गर्ने । |
| ३. | ६ | २०७३/०८/१४ | बढ्दो शहरीकरण, अव्यवस्थित बसोबासलाई व्यवस्थित बनाउने सम्दर्भमा २०७३।८।६ गते समितिले गरेको निर्णय शहरी विकास मन्त्रालयमा पठाई समय उपलब्ध गराएर सो सम्वन्धी हालसम्मको वस्तुगत अवस्था सहित आगामी बैठकमा सचिवलाई समेत आमन्त्रण गरी थप छलफल गर्ने । |

| क्र.सं. | बैठक संख्या | मिति | उपसमितिका निर्णयहरु |
|---|---|---|---|
| ४. | ७ | २०७३/११/०९ | काठमाडौंको मुख्य भाग रत्नपार्क पूरानो बसपार्कमा काठमाडौं महानगरपालिकाले निर्माण गर्न लागेको काठमाडौं भ्यू टावरको बारेमा छलफल हुँदा सो टावर निर्माण गरिदा दूर्घटनाको सम्भावना बढ्ने, खाली जग्गा राखेर दूर्घटनाहरु न्यूनीकरण गर्नुपर्ने, यस खालको निर्माणको कारण उपत्यकाको पानीको स्रोतहरु मासिने हुँदा उक्त टावर निर्माण नगर्नका लागि र सिंहदरवार अगाडि निर्माणाधिन भवनका सम्वन्धमा पनि छलफल गरी निष्कर्षमा पुग्न आवश्यक भएकोले मूल समितिले तत्काल बैठक राखी छलफल गर्ने व्यवस्थाको लागि सभापतिलाई अनुरोध गर्ने । |

### ३.२.४ जनसंख्या तथा वातावरण उपसमिति

समितिको मिति २०७४ असार ३० गतेको १०६औं बैठकले यस उपसमितिको पूनर्गठन गरेको हो ।

### ३.२.५ खानेपानी तथा सरसफाई उपसमिति

समितिको मिति २०७४ असार ३० गतेको १०६औं बैठकले यस उपसमितिको पूनर्गठन गरेको हो ।

### ३.२.६ कार्य परामर्श उपसमिति

समितिको मिति २०७४ असार ३० गतेको १०६औं बैठकले यस उपसमितिको गठन गरेको हो । उपसमितिले आफ्नो कार्य मिति २०७४ साउन १ गतेबाट मात्र प्रारम्भ गरेको हो ।

# भाग-४

# स्थलगत अवलोकन भ्रमण सम्वन्धी प्रतिवेदनहरू

यस समितिले आर्थिक वर्ष २०७३।०७४ मा गरेका स्थलगत अवलोकन भमण सम्वन्धी प्रतिवेदनहरू देहाय वमोजिम संलग्न गरिएको छ :

## नेपाल आदर्श निर्माण कम्पनीले संचालन गरेको आसफाल्ट सम्वन्धी स्थलगत अनुगमन प्रतिवेदन

## परिच्छेद–१

## प्रारम्भिक

### १.१ पृष्ठभूमि

**ललितपुर जिल्लाको बागडोलमा सञ्चालित नेपाल आदर्श कम्पनी प्रा.लि. काठमाडौंद्वारा सञ्चालित तथा यस्तै प्रकृतिका अन्य आसफाल्ट प्लान्टलाई उक्त स्थानबाट अन्यत्र स्थानान्तरण गर्नका साथै यस्ता खालका प्लान्टहरु निर्माण व्यवसायीले प्रयोग गर्नुपर्ने इक्यूपमेन्ट भएको हुँदा निर्माण व्यवसायीले जहाँ निर्माण आयोजनाहरु प्राप्त गर्दछन् सोही आयोजनालाई पायक पर्ने स्थानमा आयोजना अवधिभर प्रयोग गर्न, गराउने व्यवस्था मिलाउने भनी २०७२।२।२० गते दिएको समितिको निर्देशनको सन्दर्भमा प्लान्टको तर्फबाट नेपाल आदर्श कम्पनी प्रा.लि. काठमाडौंद्वारा ललितपुरको बागडोलमा सञ्चालित आस्फाल्ट प्लान्टको तर्फबाट मिति २०७२।७।१९ गते सम्माननीय सभामुखज्यू समक्ष दिनु भएको निवेदन उपर वातावरण संरक्षण समिति अन्तर्गत गठित विवाद समाधान उपसमिति ले २०७३।३।१९ गते गरेको निर्णय वमोजिम स्थलगत अवलोकन भ्रमण टोली गठन गरी सो प्लान्टको मिति २०७३।३।२१ गते स्थलगत अवलोकन भ्रमण सम्पन्न गरी प्रतिवेदन समेत पेश गरेको थियो । तर स्थानीय सरोकारवालाहरुबाट प्लान्ट हटाई पाउँ भनी समिति समक्ष पुनः निवेदन पेश गरेको सन्दर्भ र प्रतिवेदन उपर छलफल हुँदा पुनः स्थलगत निरीक्षण गर्ने निर्णय भएकोले मा. सभापतिको संयोजकत्वमा मिति २०७३ भाद्र २६ गते पुनः स्थलगत निरीक्षण र मिति २०७३ भाद्र २७ गत सरोकारवाला निकायको उपस्थितिमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो ।**

### १.२ स्थलगत भ्रमण टोली

**मिति २०७३।४।३१ गतेको समितिको निर्णय वमोजिम समितिका सदस्यहरु मध्ये तपसिल वमोजिमका सदस्यहरु, ललितपुर जिल्लाबाट प्रतिनिधित्व गर्नु हुने मा. सदस्यहरु एवं सम्वन्धित मन्त्रालय/निकायका अधिकारी समेत संलग्न भई स्थलगत भ्रमण र अन्तरक्रिया कार्यक्रम गरिएको थियो ।**

मा. जनकराज चौधरी, सभापति - संयोजक

मा. राजाराम स्याङतान - सदस्य

मा. कमला विश्वकर्मा - सदस्य

मा. गणेशप्रसाद विमली - सदस्य

मा. परशुराम तामाङ - सदस्य

मा. रेशमवहादुर लामा - सदस्य

मा. सीता लुईटेल (ज्ञवाली) - सदस्य

आमन्त्रित सदस्य (ललितपुर जिल्लाबाट प्रतिनिधित्व गर्नुहुने मा. सदस्यहरु)

मा. मदन वहादुर अमात्य (क्षेत्र नं १)

मा. चन्द्र महर्जन (क्षेत्र नं. २)

मा. भास्कर भद्रा

मा. योगेन्द्र तामाङ घिसिङ्ग

मा. राधादेवी तिमल्सेना

सम्वन्धित मन्त्रालय/निकायका प्रतिनिधिहरु

श्री कृष्णप्रसाद आचार्य, सहायक प्रमुख जिल्ला अधिकारी, ललितपुर

श्री हरिप्रसाद दाहाल, स्थानीय विकास अधिकारी, ललितपुर

श्री भरतमणि पाण्डे, प्रमुख कार्यकारी अधिकृत, ल.पु.उ.म.न.पा.

श्री प्रविण श्रेष्ठ, निमित्त प्रमुख कार्यकारी अधिकृत, ल.पु.उ.म.न.पा.

डा. भोजराज पन्त, वातावरण विज्ञ, नास्ट

श्री चक्रपाणी शर्मा, उ.स., संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

श्री अमित आचार्य, सि.डि.ई., उद्योग मन्त्रालय

श्री राजेशकुमार दास, सि.डि.ई, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

श्री तुलसी नारायण महर्जन, मे.ई., जनसंख्या तथा वातावरण मन्त्रालय

श्री प्रदिप अमात्य, ई., ललितपुर उपमहानगरपालिका

ल.पु. वडा नं. ४, वागडोलका वडा सचिव

ललितपुर, वागडोल स्थित राजनैतिक दलका प्रतिनिधिहरु

ललितपुर, वागडोल विकास समितिका प्रमुख वा प्रतिनिधिहरु

नागरिक वडा मञ्च वागडोल, ललितपुरका प्रमुख वा प्रतिनिधिहरु

नागरिक सरोकार मञ्च सानेपा, ललितपुरका प्रमुख/प्रतिनिधिहरु

ललितपुर जिल्लामा संचालनमा रहेका संघाई/सैलुङ/सुनौला खिम्ती कन्सट्रक्सन लगायतका विभिन्न प्लान्टहरुको तर्फबाट प्रतिनिधिहरुहरु

ललितपुर स्थित वि.पि. पार्क र मनमोहन पार्क व्यवस्थापन समितिका अध्यक्ष वा प्रतिनिधिहरु

आसफाल्ट प्लान्ट पीडित संघर्ष समितिका संयोजक श्री प्रेमवहादुर छन्त्याल लगायत अन्य सरोकारवाला निकायका प्रतिनिधिहरु

स्थलगत भ्रमण टोलीको कार्यलाई सहयोग पुऱ्याउन वातावरण संरक्षण समितिको सचिवालयबाट उ.स. श्री वंशीराज पौडेल, खरिदार श्री रविन अधिकारी र कार्यालय सहयोगी विष्णु पौडेलको सहभागी गराइएको थियो ।

**१.३ स्थलगत भ्रमणको उद्देश्य**

समितिले २०७२।२।२० गते दिएको निर्देशनलाई सच्याइ पाउँ भनी नेपाल आदर्श कम्पनी प्रा. लि. काठमाडौंद्वारा ललितपुरको बागडोलमा सञ्चालित आस्फाल्ट प्लान्टको तर्फबाट मिति २०७२।७।१९ गते सम्माननीय सभामुखलाई सम्वोधन गरी दिइएको निवेदन माथि विवाद समाधान उपसमितिले अनुगमन गर्ने गरी गरेको निर्णय वमोजिम उक्त प्लान्टको स्थलगत अवलोकन गरी प्रतिवेदन पेश गरेको र सो प्रतिवेदन उपर समितिको बैठकमा छलफल हुँदा विभिन्न क्षेत्र र निकायका प्रतिनिधिहरुको सहभागितामा पुनः स्थलगत निरीक्षण र सरोकारवाला निकायको उपस्थितिमा अन्तरक्रिया गरी प्रतिवेदन पेश गर्ने गरी मिति २०७३ साउन ३१ गतेको समितिको निर्णयानुसार स्थलगत अवलोकन गरी प्रतिवेदन पेश गर्ने यस भ्रमणको मुख्य उद्देश्य हो ।

**१.४ कार्यविधि**

स्थलगत भ्रमणको कामकारवाहीलाई व्यवस्थित र प्रभावकारी बनाउन निम्न कार्यविधि तय गरिएको थियो :

ललितपुर जिल्लामा अवस्थित विभिन्न प्लान्टहरुको स्थलगत अवलोकन

स्थानीय सरोकारवाला निकायहरुको उपस्थितिमा अन्तरक्रिया ।

**१.५ सीमा**

भ्रमण टोलीले छोटो समयमा गरेको स्थलगत भ्रमणमा प्लान्ट अवस्थित स्थानको स्थलगत अवलोकन र स्थानीय सरोकारवाला निकायहरुको सहभागितामा अन्तरक्रिया कार्यक्रम आयोजना गरी प्रतिवेदन तयार

पारिएको छ । यस स्थलगत भ्रमणको क्रममा सम्वन्धित स्थानीय प्रशासन, स्थानीय निकायसँग यसबारे थप जानकारी लिइएको छ । सो स्थान वरपर सञ्चालित यस्तै प्रकृतिका अन्य प्लान्टहरुको समेत स्थलगत भ्रमण गरी आवश्यक जानकारी लिइएको छ भने अन्तरक्रिया कार्यक्रममा समितिको निर्णयानुसारका सरोकारवालाहरुलाई सहभागी गराई राय, सुझाव लिइएको छ ।

१.६ प्रतिवेदनको संरचना

यस प्रतिवेदनलाई तीन परिच्छेदमा विभाजन गरिएको छ ।

परिच्छेद –१ प्रारम्भिक खण्ड

पृष्ठभूमि

स्थलगत भ्रमण टोलीको गठन

स्थलगत भ्रमण टोलीको गठनको उद्देश्य

स्थलगत भ्रमणको कार्यविधि

सीमा

प्रतिवेदनको संरचना

परिच्छेद – २ सम्पादित कार्यहरु

स्थलगत निरीक्षण

अन्तरक्रिया कार्यक्रम

बैठक/छलफल

परिच्छेद – ३ निष्कर्ष तथा सुझाव

## परिच्छेद - २

### स्थलगत अनुगमन गरिएको प्लान्टको परिचय, भ्रमणबाट देखिएको अवस्था

### २.१ नेपाल आदर्श निर्माण कम्पनीको आसफाल्ट प्लान्टको सामान्य परिचय

यो उद्योग विभागमा २०५३।९।९मा प्रमाणपत्र दर्ता नं. २४५१/०५३ मा दर्ता भई निर्माण सम्वन्धी ठेक्का पट्टाको काम गर्ने उदेश्यले नेपाल आदर्श निर्माण कम्पनी प्रा.लि.को नाममा सडकको कंक्रिट पिच गर्ने कामका लागि आवश्यक विटुमिन र रोडा मिसाई अलकत्रा तयार गर्न आसफाल्ट प्लान्टको स्थापना भएको हो । हाल यो प्लान्ट ललितपुर उपमहानगरपालिका वडा नं. ४ स्थित वागडोलमा अवस्थित छ ।

### २.२ निरीक्षण गरिएका प्लान्टहरु

टोलीले गरेको स्थलगत निरीक्षण भ्रमणको क्रममा नेपाल आर्दश निर्माण कम्पनीले सञ्चालन गरेको आसफाल्ट प्लान्ट लगायत यस्तै प्रकृतिका अन्य ४ वटा प्लान्टहरुको पनि अवलोकन गरेको थियो । यसरी अवलोकन गर्दा चारवटै प्लान्टहरुको अवस्था फरक-फरक रुपमा पाइएको थियो ।

### २.३ स्थलगत भ्रमणको क्रममा देखिएको नेपाल आर्दश निर्माण कम्पनीको आसफाल्ट प्लान्टको अवस्था

नेपाल आर्दश निर्माण कम्पनीको आसफाल्ट प्लान्ट लगायत अन्य कम्पनीको प्लान्टहरुको स्थलगत निरीक्षण गर्दा भ्रमण टोलीले तपसिल वमोजिमको अवस्था देखियो :

वस्तुस्थितिः

नेपाल आदर्श निर्माण कम्पनी प्रा.लि. द्वारा ललितपर उपमहानगरपालिका वडा नं. ४ वागडोल र वडा नं. ३ गरी दुई स्थानमा आसफाल्ट प्लान्टहरु संचालन गरी अलकत्रा मिसिएको पिच गर्ने सामाग्री उत्पादन गर्ने गरेको पाइयो । सो उद्योगको उद्योग विभागबाट प्राप्त प्रमाणपत्रमा उद्योगको उद्देश्यमा निर्माण सम्वन्धी ठेक्कापट्टाको काम गर्ने उल्लेख गरेको (सेवा उद्योग) र उदोगको वर्कसप तथा ग्यारेज न.पा. वाहिर किर्तिपुर गा.वि.स.मा राख्नु पर्ने उल्लेख गरेकोमा सो उद्योगले तोकिएको उद्देश्य विपरित आसफाल्ट उत्पादन एवं विक्री गर्ने गरेको (उत्पादन मुलक कार्य) साथै सोको प्लान्ट तोकिएको क्षेत्र भन्दा विपरित ललितपुर उपमहानगरपालिकाको दुई ठाउँमा टुक्राई संचालन गरेको पाइयो । उक्त उदोगको मुख्य एचयअभककष्लन को रुपमा वालुवा, गिटी र विटुमिनलाई १५० देखि १६० डिग्री सेल्सीयससम्म तताई मिक्स प्लान्टमा मिक्स गरी तातो अवस्थामा भट्टी वाहिर निकाल्ने र मुख्य प्लान्टको आसफाल्ट उत्पादन गर्ने क्षमता प्रतिघण्टा ३०-४५ टन रहेको पाइयो ।

(उद्योग विभागबाट मिति २०७३/०४/१७ गते भएको निरीक्षण प्रतिवेदनमा उल्लेख । प्रतिवेदन अनुसूची २ मा समावेश गरिएको)

नेपाल आदर्श निर्माण कम्पनीको आसफाल्ट प्लान्ट विगत केही समयदेखि वन्द अवस्थामा रहेको ।

प्लान्टको पूर्वबाट पश्चिमतर्फ भिरालो जग्गा रहेको । भिरालो जग्गाको तल समथर भूभागमा प्लान्ट रहेको । प्लान्टको पश्चिम दक्षिणतर्फ वागमती खोला र पश्चिम उत्तरतर्फ यस्तै प्रकृतिको चाइनिज प्लान्ट एवं खाली जग्गा रहेको । पूर्वतर्फको भिरालो जग्गामा प्लान्टभन्दा केही माथिबाट वस्ती शुरु भएको पाइयो । प्लान्टको अवस्थिती सम्वन्धी केही झलकहरु अनुसूची-३ मा समावेश गरिएको छ ।

प्लान्टको प्रकृति हेर्दा पिच गर्ने स्थानमा नै लगी अलकत्रा तयार गरी कार्य गर्ने प्रकृतिको नभई सो स्थान बाट नै पिच तयार गरी लग्ने गरेको बुझियो ।

विटुमिन १२० देखि १४० डिग्री तापक्रममा तयार गर्नु पर्ने र ७०।८० डिग्री तापक्रममा मेनटेन गरी पिच गर्नुपर्ने भएकोले प्लान्ट स्थापना भएको स्थानभन्दा टाढा अर्थात उपत्यका भन्दा वाहिर अलकत्रा लगी पिचको कार्य गर्न संभव नहुने जानकारी पाइयो । यस्तो प्रकृति रहेको कारण नै प्लान्ट वर्षभरि नै सञ्चालन नहुने अर्थात उपत्यका वाहिर अलकत्रा लैजादा चिसिने र काम नलाग्ने हुँदा उपत्यका भित्र काम भएको अवस्थामा त्यसमा पनि आफूलाई ठेक्का परेको समयमा मात्र प्लान्ट चल्ने र वर्षाको समयमा सामान्यतया पिच सम्वन्धी कार्य नहुने र हिउँदमा पनि ठेक्का पाएको अवस्थामा मात्र सञ्चालन हुने हुँदा प्लान्ट वर्षमा करिब २/३ महिना मात्र सञ्चालनमा आउने कुराको जानकारी पाइयो । तर जति नै समय सञ्चालनमा रहेता पनि यस्ता प्लान्टहरुले सिर्जित गर्ने धूवा धूलोका कारण स्वास्थमा समस्या निस्कन सक्ने कुराको पनि जानकारी गराइयो ।

प्लान्ट स्थापना भएको स्थान वरवर मानव वस्ती रहेको र सो प्लान्टले निकालेको धूलो तथा धुवाका कारण मानव स्वाथ्यमा गम्भीर असर गर्ने र त्यसको असर स्थानीय जनतामा पनि शुर भैसकेकोले यस्ता मानव जीवनमा असर पार्ने प्लान्टहरु अन्यत्रै लैजान उपयुक्त हुने कुरा उक्त स्थानका स्थानीय नागरिकहरुले भ्रमण टालीलाई जानकारी गराइयो ।

निरीक्षणका क्रममा उक्त प्लान्ट वन्द रहेकोले सो प्लान्टले कति मात्रामा धुवा, धूलो उत्सर्जन गर्छ भन्ने कुरा यकिन गर्न नसकिएको ।

प्लान्टमा लगानी गर्ने लगानी कर्ताको ठूलो धनराशी खर्च हुने भएकोले यस पक्षमा पनि विचार गर्न भ्रमण टोलीलाई सुझाव प्राप्त भएको ।

आदर्श निर्माण कम्पनीको आसफाल्ट प्लान्टदेखि करिब ५०० मिटर पश्चिम उत्तरतर्फ यस्तै प्रकृतिको चाइनिज प्लान्ट एवं खाली जग्गा रहेको । यस्तै प्रकृतिको अर्को चाइनिज प्लान्ट निर्माणाधीन अवस्थामा रहेको पाइयो ।

ललितपुर जिल्लामा नै यस्तै प्रकृतिका अन्य दुई आसफाल्ट प्लान्टहरु सुनौला खिम्ती र सैलुङ्ग कन्स्ट्रकशन कम्पनीले संचालन भएको स्थलगत भ्रमणका क्रममा देखियो तर ती प्लान्ट हाल संचालनमा थिएनन तथापि ती प्लान्टहरु रहेको स्थानबाट मानव बस्ती नजिकै थिएनन । तर ती प्लान्टहरु संचालनमा नआएकोले त्यसले वातावरणमा कस्तो प्रभाव पार्दछ त्यसको यकिन गर्न नसकेको अवस्था रऱ्यो ।

## २.४ अन्तरक्रिया कार्यक्रममा प्लान्टका सम्वन्धमा आएका राय, सुझावहरु

वातावरण संरक्षण समितिका मा. सभापति जनकराज चौधरीको नेतृत्वमा समितिका अन्य मा. सदस्यहरु, ललितपुर जिल्लाबाट प्रतिनिधित्वि गर्ने मा. सदस्यहरु, सरोकारवाला मन्त्रालय/निकायहरुका प्रतिनिधिहरु, जिल्ला विकास समिति, जिल्ला प्रशासन कार्यालय, ललितपुर उपमहानगरपालिका कार्यलय, सम्वन्धित वडा कार्यालय, स्थानीय  राजनैतिक दलका प्रतिनिधिहरु, प्लान्ट सम्वन्ध निकायका प्रतिनिधिहरु र स्थानीय सरोकारवाला निकायहरुका प्रतिनिधिहरुको रोहवरमा ललितपुर जिल्ला स्थित राष्ट्रिय प्रशिक्षण प्रतिष्ठानको सभा हलमा मिति २०७३ भाद्र २७ गते अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो ।

लगभग चार घण्टासम्म चलेको अन्तरक्रिया कार्यक्रममा नेपाल आर्दश निर्माण कम्पनीले संचालन गरेको आसफाल्ट प्लान्टसँग सरोकार राख्नु हुने सबै सहभागीहरुले पालैपालो आ–आफ्ना विचारहरु राख्नु भएको थियो । कार्यक्रममा प्रस्तुत भएका राय सुझाव लगायत ललितपुर जिल्लाबाट प्रतिनिधित्व गर्नु हुने मा. सदस्यहरु र समितिका मा. सदस्यहरुले पनि प्लान्ट सम्वन्धमा केही प्रतिक्रियाहरु दिनु भएको थियो ।

यसरी भएको अन्तरक्रिया कार्यक्रमबाट मिश्रित प्रकारका राय सुझावहरु प्राप्त भएका थिए । लगभग दुई समूहमा विभाजित जस्तो देखिएको उक्त कार्यक्रममा अधिकांश स्थानीय नागरिकहरु यस्तो प्रकारका प्लान्टहरु संचालन र व्यवस्थापन गर्दा यसले मानव स्वास्थ्यमा पुऱ्याउने असरहरुका बारेमा राज्य मुकदर्शक नभई चनाखो बन्नु पर्ने कुरा वृहत रुपमा उठाएका थिए । साथै यस्ता खालका प्लान्टहरु मानव वस्ती भएको स्थानभन्दा टाढा र वातावरणीय असर सकेसम्म न्यून गर्ने प्रकारका मेसिन औजार जडान गरी संचालन गर्नुपर्ने, विकास निर्माण आवश्यक हो तर विकासका नाममा मानव स्वास्थ्यमा गम्भिर असर गर्ने प्रकृतिका मेसिन औजारको प्रयोग गर्दा स्थापना गर्ने स्थानका बारेमा राज्यले विशेष ख्याल गर्नु पर्ने कुराहरु आएका थिए । कामको प्रकृति अनुसार खास केही समयका लागि संचालन गरिने यस्ता प्रकारका प्लान्टहरु सधै एकै स्थानमा संचालन भई रहदा यसले साच्चै नै मानव स्वास्थ्यमा गम्भिर असर पुऱ्याउन सक्छ यसका बारेमा पनि राज्यले बेलैमा सोच्नु पर्दछ भन्ने राय सुझावहरु विशेष जोडका साथ प्रस्तुत गरेका थिए ।

साथै, राज्यबाट अनुमति लिए संचालन भएका यस प्रकृतिका प्लान्टहरु विकास निर्माणको एक महत्वपूर्ण संरचना भएकोले यसलाई बन्द गर्ने नभई उपयुक्त विकल्प मार्फत संचालन गर्न दिइनु पर्ने र राज्यका लागि यो एक आवश्यकता समेत भएको र संचालन गर्ने संचालकले पनि यसमा धेरै धनराशी खर्च गरेकोले वातावरणीय पक्ष र मानव स्वास्थ्यलाई पार्ने प्रतिकूल असरलाई न्यून गर्ने विधि/माध्यमको प्रयोग मार्फत नियमनकारी निकायहरुले निश्चित मापदण्डका आधारमा प्रभावकारी रुपमा अनुगमन गरी यस्ता प्रकृतिका प्लान्टहरुको संचालन गर्नुपर्ने जस्ता सवालहरु समेत उठाइएका थिए ।

२.५ निरीक्षण र अन्तरक्रिया पश्चात् भएका बैठक तथा छलफल

मिति २०७३ भाद्र २६ र २७ गतेको स्थलगत अनुगमन र अन्तरक्रिया कार्यक्रम पश्चात टोलीमा संलग्न रहेका मा. सदस्यहरु र सम्वन्धित मन्त्रालय र निकायहरुका प्रतिनिधिहरुको संलग्नतामा मिति २०७३ भाद्र २९ गते वातावरण संरक्षण समितिको हलमा बैठक बसेको थियो

## परिच्छेद - ३

## निष्कर्ष तथा सुझाव

### ३.१ निष्कर्ष तथा सुझाव

स्थलगत भ्रमण टोलीले भ्रमणको क्रममा देखेका ललितपुर जिल्ला वडा नं. ३ र ४ मा स्थित नेपाल आर्दश निर्माण कम्पनी प्रा.लि.हरु लगायत यस्तै प्रकृतिका अन्य प्लान्ट सम्वन्धी स्थलगत निरिक्षण र अन्तरक्रिया कार्यक्रमबाट आएका सुझावहरु सम्वन्धित मन्त्रालय/निकायहरुबाट प्राप्त धारणा/विचारहरुका आधारमा निम्नानुसारको निष्कर्ष निकालिएको छ ।

उक्त क्षेत्रमा नेपाल आर्दश निर्माण कम्पनीले संचालन गरेका आसफाल्ट प्लान्ट मात्र नभई त्यसका वरपर यस्तै प्रकृतिका अन्य प्लान्टहरु पनि संचालनमा रहेको जुन भौतिक पूर्वाधार तथा विकास निर्माण कार्यका लागि अति आवश्यक प्लान्ट भएकोले वातावरणीय मापदण्डलाई प्राथमिकतामा राखी संचालन गर्दा उपयुक्त देखिन्छ ।

समग्रमा यस्ता खालका प्लान्टहरु विकास निर्माणका लागि अपरिहार्य आवश्यकता भएकोले विकास निर्माणलाई मध्यनजर गर्दै आधुनिक उपकरण जडित नेपाल आदर्श निर्माण कम्पनी लगायत ललितपुर जिल्लामा रहेका अन्य प्लान्टहरु तथा देशका विभिन्न स्थानमा संचालनमा रहेका प्लान्टहरुले वातावरणीय स्वच्छतालाई कायम गर्ने गरी संचालन गर्ने गराउने व्यवस्था मिलाउन नेपाल सरकार मन्त्रिपरिषद्, गृह मन्त्रालय, उद्योग मन्त्रालय, जनसंख्या तथा वातावरण मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई निर्देशन दिने ।

| | |
|---|---|
| मा. जनकराज चौधरी (समिति सभापति) | मा. राजाराम स्याङतान |
| संयोजक | सदस्य |

| | |
|---|---|
| मा. कमला विश्वकर्मा | मा. गणेश प्रसाद विमली |
| सदस्य | सदस्य |

| | | |
|---|---|---|
| मा. रेशमवहादुर लामा | मा. सीता लुईटेल (ज्ञवाली) | मा. परशुराम तामाङ |
| सदस्य | सदस्य | सदस्य |

दिनाङ्क : २०७३ कार्तिक ९ गते

# रारा राष्ट्रिय निकुञ्जको स्थलगत निरीक्षण भ्रमण प्रतिवेदन,

# २०७४

## १. पृष्ठभूमि

व्यवस्थापिका-संसद, वातावरण संरक्षण समितिको आयोजना तथा WWF Nepal को व्यवस्थापनमा संयुक्त राष्ट्र संघले आफ्ना सबै सदस्य राष्ट्रहरुले सन् २०१६ देखि सन् २०३० सम्ममा पूरा गर्ने गरी निर्धारण गरेको दिगो विकासका लक्ष्यहरु सम्वन्धमा नेपालले पूरा गर्नुपर्ने निर्धारित लक्ष्यहरु मध्ये लक्ष्य नं. ९, १३ र १५ अन्तरगत रही रारा राष्ट्रिय निकुञ्ज क्षेत्रको मिति २०७४ बैशाख २५ गतेदेखि मिति २०७४ बैशाख २७ गतेसम्म स्थलगत अनुगमन तथा निरीक्षण गरेको थियो ।

२०३२ सालमा स्थापित रारा राष्ट्रिय निकुञ्ज १०६ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको नेपालकै सवैभन्दा सानो राष्ट्रिय निकुञ्ज हो । नेपालका जुम्ला र मुगु जिल्लामा अवस्थित यो निकुञ्ज भित्र २९९० मि. उचाईमा रहेको रारा ताल सन् २००७ मा रामसार साइटमा सुचिकृत भएको छ भने यहाँको प्रमुख आकर्षणको केन्द्र पनि रारा ताल नै रहेको पाइन्छ ।

प्राकृतिक रुपमा पर्याप्त वनजंगलहरु, विभिन्न प्रकारका दूर्लभ वन्यजन्तुहरु, विभिन्न भौगोलिक विविधता, रहनसहन, पर्याप्त जैविक विविधता यस क्षेत्रको मुख्य आकर्षण भएकोले नेपालको प्रमुख पर्यटकीय क्षेत्रको रुपमा पनि विकास भएको पाइन्छ ।

उपर्युक्त स्थलगत अनुगमन तथा निरीक्षण कार्यका लागि समितिमा रहनु भएका निम्न माननीय सदस्यहरु र समितिका कर्मचारीहरु समेतबाट अनुगमन कार्यमा संलग्नता रहेको थियो ।

मा. जनकराज चौधरी (सभापति)

मा. लिला मगर

मा. शान्तिदेवी चौधरी

***<u>समिति कर्मचारीहरु</u>***

श्री सुरजकुमार दुरा (समिति सचिव)

श्री रविन अधिकारी

श्री सुदर्शन गौतम

श्री पहाड थापा

**२. उद्देश्य :**

रारा राष्ट्रिय निकुञ्ज क्षेत्र, रारा ताल लगायत आसपासका क्षेत्र भित्र रहेको जैविक विविधताहरुको संरक्षण, जलवायू परिवर्तनले पार्न सक्ने असर तथा विकास र वातावरण विचको अन्तर सम्वन्धमा स्थलगत अनुगमन गर्ने ।

- उक्त क्षेत्रले ओगटेको प्रमुख पर्यटकीय स्थलहरुमा भएको वातावरण संरक्षणको चेतना मुलक कामहरुको निरीक्षण गर्ने ।
- निकुञ्जका वार्डेन तथा अन्य सम्वद्ध कर्मचारी, सेना लगायत संरक्षणमा खटिएका निकायहले गरेका कार्यहरुको बारेमा अन्तरक्रिया गरि जानकारी लिने ।
- पर्यटन उद्योग प्रवर्द्धनका लागि सम्वद्ध क्षेत्रका व्यक्तित्वहरुसँग अर्न्तक्रियात्मक छलफल गर्ने ।

**३. कार्य, निष्कर्ष र सुझावहरु:**

रारा राष्ट्रिय निकुञ्ज क्षेत्रको अवलोकन तथा निकुञ्जमा संरक्षणमा कार्यरत कर्मचारीहरु, नेपाली सेना तथा स्थानीय नागरिकहरुसँग गरिएको अन्तरक्रियाबाट व्यक्त भएका विचारहरुका आधारमा विश्लेषण गरी देहायको निष्कर्ष र सुझावहरु प्रस्तुत गरिएको छ ।

**पर्यटनका सन्दर्भमा:**

- संसदीय अनुगमन टोलीले उक्त मितिहरुमा सम्पन्न गरेको स्थलगत अनुगमनका क्रममा रारा राष्ट्रिय निकुञ्ज भित्र प्रवेश अनुमति लिई अवलोकनार्थ गएका पर्यटकहरुलाई गन्तब्य स्थलसम्म आवतजावत गर्नका लागि तोकिएको पद मार्ग प्रयोग गरे नगरेको सम्वन्धमा निगरानी गर्नको लागि र पर्यटकहरुका लागि उक्त क्षेत्रमा आवश्यक पूर्वाधार एवं वसोवासका लागि निश्चित स्थानको तय हुनु पर्ने ।
- पर्यटन प्रवर्द्धनमा पर्यटकहरुको आकर्षणका लागि विभिन्न स्थानहरुमा रारा राष्ट्रिय निकुञ्ज लगायत नेपालको विविधता झल्कने पोस्टर, पम्पलेट, व्यानरहरु राखिन उपयुक्त हुने ।
- हाल रारा राष्ट्रिय निकुञ्ज क्षेत्र प्रवेश शुल्क तथा दस्तुरको रुपमा पर्यटकहरुबाट लिइदै आएको दस्तुरमा समयानुकुल पुनरावलोकन गर्न तथा निकुञ्जको आम्दानीको स्रोत बढाउनका लागि थोरै मात्रामा भए तापनि स्वदेशी पर्यटकहरुलाई पनि प्रवेश शुल्कको व्यवस्था गर्न वन तथा भू-संरक्षण मन्त्रालय निर्देशन दिन आवश्यक देखिएको ।

**वातावरणका सन्दर्भमा:**

- स्वस्थ वातावरण र उचित सरसफाई नभएमा पर्यटन प्रवर्द्धनमा प्रत्यक्ष असर पर्न जाने भएकोले रारा राष्ट्रिय निकुञ्ज क्षेत्र भित्र हाल देखिएको वन जंगल अतिक्रमण, भू-स्खलन आदिका कारण आउने समस्या आउन नदिन वृक्षारोपण कार्यलाई तिव्र गति प्रदान गरी वन जंगलको संरक्षण र सम्वर्द्धन गर्न उपयुक्त देखिएको ।
- भू-स्खलनका कारण प्राकृतिक सम्पदाहरु समेत नष्ट भई पर्यावरणमा समेत गम्भिर असर पर्न जाने देखिएकोले त्यस्ता स्थानहरुको पहिचान गरी तत्काल संरक्षण गर्नुपर्ने । यसका अतिरिक्त पर्यटकहरुले प्रयोग गरेका खाद्य वस्तु लगायत अन्य फोहोर संकलन गरी व्यवस्थापन गर्नका लागि आवश्यक कार्य गर्नुपर्ने जसका कारण संरक्षण क्षेत्रमा उत्पन्न वातावरणीय प्रभाव न्यून गर्न सहयोग पुऱ्याउन कार्यमा स्थानीय विभिन्न समूहको अहम् भूमिका रहेकोले सो समूहलाई थप प्रोत्साहित गर्नुपर्ने ।
- निकुञ्ज क्षेत्र भित्र ठूला ठूला व्यवसायिक कार्यहरु गर्न नदिने । जसले गर्दा उक्त क्षेत्रको जैविक विविधता बचाई राख्न मद्दत मिल्न जाने देखिन्छ । वातावरण र विकास एक अर्काको परिपुरक भएकोले विकासका

नाउमा जैविक विविधता र वातावरणमा असर पार्ने कार्य नगर्ने तर विकास निर्माण पनि राज्यको अभिन्न तत्व भएकाले वातावरणलाई कम मात्रामा क्षति पुग्ने गरी विकासलाई निरन्तरता दिनु पर्ने अनि मात्रा दिगो विकासका तोकिएका लक्ष्यहरु पूरा गर्न सहयोग पुग्दछ ।

**अन्तमा**, रारा राष्ट्रिय निकुञ्ज क्षेत्रमा अनुगमन गर्दा निकुञ्ज क्षेत्रमा विश्वमा नै दूर्लभ जीवजन्तुहरु साथै निकुञ्ज क्षेत्रमा नेपालको सबैभन्दा ठूलो ताल रारा ताल र तालमा रहेको विविध प्रजातिका माछाहरु लगायत समग्र निकुञ्ज क्षेत्रमा पर्याप्त संरक्षण लागि आजै देखि काम गर्नुपर्ने देखिन्छ । यसका लागि सरकारले दुर्गभ भेगमा रहेका यस्ता निकुञ्जहरुमा पर्याप्त बजेट र जनशक्तिको व्यवस्था गर्नु पर्दछ । अनि मात्र निकुञ्ज मात्र नभई समग्र वन क्षेत्रका विनास रोकी वातावरण र जैविक विविधतालाई बचाउन सक्ने देखिन्छ । साथै निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्यटन प्रवर्द्धन र विकास निर्माणलाई तिव्रता दिई स्थानीय नागरिकमा संरक्षण विकास प्रति पर्याप्त जनचेतनाको प्रवर्द्धन गर्न सके त्यस क्षेत्रका जनाताको जीवनस्तरमा पनि वृद्धि हुने र हाम्रो वन तथा वातावरण लगायत समग्र जैविक प्रजाति, वनस्पति, वन्यजन्तुको पनि संरक्षण हुन जाने जसले दिगो विकासमा नेपालले पूरा गर्नुपर्ने लक्ष्यहरु पनि पूरा हुन जाने देखिन्छ । अन्तमा रारा राष्ट्रिय निकुञ्ज क्षेत्रको अनुगमनका लागि आवश्यक सहयोग पुऱ्याउनु हुने WWF Nepal, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, रारा राष्ट्रिय निकुञ्ज कार्यालयका वार्डेन तथा सम्पूर्ण कर्मचारी, नेपाली सेना लगायत सम्वद्ध सबै सरोकारवालाहरुलाई वातावरण संरक्षण समिति हार्दिक धन्यवाद दिन चाहन्छ ।

(जनकराज चौधरी)
सभापति

## भाग-५

# समितिमा प्राप्त भएका विधेयक उपर छलफल भई पारित भएका प्रतिवेदनहरू

## "वन ऐन, २०४९ लाई संशोधन गर्न बनेको विधेयक, २०७१" को प्रतिवेदन

१. वन (दोस्रो संशोधन) विधेयक (यस पछि "मूल विधेयक" भनिएको) को विधि निर्माण सुत्रमा रहेका "नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिम व्यवस्थापिका-संसदको हैसियतमा संविधानसभाले" भन्ने शव्दहरुको सट्टा "नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले" भन्ने शव्दहरु राख्ने ।

२. मूल विधेयकको दफा १ को उपदफा (१) मा रहेका "वन (दोस्रो संशोधन) ऐन, २०७१" भन्ने शव्दहरुको सट्टा "वन (दोस्रो संशोधन) ऐन, २०७३" भन्ने शव्दहरु राख्ने ।

३. मूल विधेयकको दफा ३ को,-

(१) उपदफा (४) को खण्ड (ग१) मा रहेको "लाभलाई" भन्ने शव्दको सट्टा "सेवा र सोबाट प्राप्त हुने लाभ" भन्ने शव्दहरु राख्ने,

(२) उपदफा (५) को खण्ड (च१) मा रहेको "राष्ट्रिय वनको" भन्ने शव्दहरुको सट्टा "सरकारद्वारा व्यवस्थित वनको" भन्ने शव्दहरु राख्ने ।

४. मूल विधेयकको दफा ६ को थप गर्न प्रस्तावित दफा २०क. को,-

(१) उपदफा (२) मा रहेका "तोकिए बमोजिम" भन्ने शव्दहरु पछि "प्रतिस्पर्धाको आधारमा तोकिएको अवधिको लागि" भन्ने शव्दहरु थप्ने,

(२) उपदफा (४) पछि देहायको उपदफा (५) थप्ने :-

"(५) उपदफा (२) बमोजिम निजी क्षेत्रसँग साझेदारीमा व्यवस्थापन गरिएको चक्ला वन त्यस्तो अवधि समाप्त भए पछि तोकिए बमोजिम नि:शुल्क नेपाल सरकारमा हस्तान्तरण हुनेछ ।"

५. मूल विधेयकको दफा ९ को उपदफा (४) मा रहेको "समेत" भन्ने शव्द झिक्ने ।

६. मूल विधेयकको दफा १० को मूल ऐनमा थप गर्न प्रस्तावित दफा २४घ. को सट्टा देहायको दफा २४घ. राख्ने :-

"२४घ. <u>साझेदारी वन उपभोक्ता समूह गठन गर्न सक्ने</u> : (१) साझेदारी वनको विकास र संरक्षणको लागि उपभोक्ताको तर्फबाट आवश्यक व्यवस्था गर्न एवम् त्यस्तो वनबाट उपभोक्तालाई प्राप्त हुने वन पैदावारको उपयोग गर्न सम्बन्धित उपभोक्ताहरुले साझेदारी वन उपभोक्ता समूह गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको साझेदारी वन उपभोक्ता समूह सम्बन्धमा परिच्छेद-९ बमोजिमको व्यवस्था आवश्यक हेरफेर (मुटाटिस मुटाण्डिस) सहित लागू हुनेछ ।"

७. मूल विधेयकको दफा ११ पछि देहायको दफा १२ थपी दफाहरुको क्रम मिलाउने :-

"१२. मूल ऐनको दफा ३०क. पछि देहायको दफा ३०ख. थपिएको छ :-

"३०ख. वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्ने : सामुदायिक वन उपभोक्ता समूहले जिल्ला वन कार्यालयमा दर्ता गरी स्वीकृत कार्ययोजनाले निदृष्ट गरेका वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।"

८. मूल विधेयकको १८ को मूल ऐनमा थप गर्न प्रस्तावित दफा ६७क. को सट्टा देहायको दफा ६७क. राख्ने :-

"६७क. रुख भएको वन क्षेत्रमा बसोबास वा पुनर्वास नगरिने : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि रुख भएको कुनै पनि वन क्षेत्र बसोबास वा पुनर्वासको लागि प्रयोग गरिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विपद् प्रभावित व्यक्ति वा राष्ट्रिय गौरवको आयोजना सञ्चालन गर्दा त्यस्तो क्षेत्रमा बसोबास गरेका व्यक्तिलाई पुनर्स्थापनाको लागि त्यस्तो क्षेत्र प्रयोग गर्नु पर्ने भएमा नेपाल सरकारले स्पष्ट कार्ययोजना सहित निर्णय गरी त्यस्तो क्षेत्र बसोबास र पुनर्वासको लागि प्रयोग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम बसोबास र पुनर्वास गरिएका जग्गाहरुमा त्यस्तो जग्गा प्रदान गर्दाको बखत देखि नै रहेका रुखहरु नेपाल सरकारको स्वामित्वमा रहनेछन् । त्यस्ता रुखहरु नेपाल सरकारले यथासम्भव चाँडो हटाउनु पर्नेछ ।

(४) उपदफा (३) मा उल्लिखित रुखहरु अधिकार प्राप्त अधिकारीको इजाजत बेगर हटाउने व्यक्तिलाई राष्ट्रिय वनमा कसूर गरे सरह सजाय हुनेछ ।"

९. मूल विधेयकको दफा १९ को,-

(१) ठाउँ ठाउँमा रहेका "दफा ७१क., ७१ख. र ७१ग." भन्ने शव्दहरुको सट्टा "दफा ७१क., ७१ख., ७१ग. र ७१घ." भन्ने शव्दहरु राख्ने,

(२) मूल ऐनमा थप गर्न प्रस्तावित दफा ७१क. को सट्टा देहायको दफा ७१क. राख्ने :-

"७१क. सुराकीलाई पुरस्कार दिने : यस ऐन बमोजिमको कसूर हुन लागेको सुराक दिने वा अपराधी पक्राउ गर्न सहयोग गर्ने संस्था वा व्यक्तिलाई कसूरदारलाई हुने जरिबानाको दश प्रतिशत पुरस्कार स्वरुप दिइनेछ ।"

(३) मूल ऐनमा थप गर्न प्रस्तावित दफा ७१ख. मा रहेका "वन्यजन्तुको" भन्ने शव्दको सट्टा "तोकिएका वन्यजन्तुको" भन्ने शव्दहरु राख्ने,

(४) मूल ऐनमा थप गर्न प्रस्तावित दफा ७१ख. पछि देहायको दफा ७१ग. थपी दफाहरुको क्रम मिलाउने :-

"७१ग. उद्दार केन्द्र स्थापना गर्न सक्ने : (१) समस्याग्रस्त, नरभक्षी, घाइते र टुहुरा वन्यजन्तु तथा पंक्षीको उद्दारका लागि तोकिए बमोजिम उद्दार केन्द्रको स्थापना गरी सञ्चालन गर्न सकिनेछ ।"

१०. रुपान्तर : मूल विधेयकमा रहेका "स्थानीय निकाय" भन्ने शव्दहरुको सट्टा "स्थानीय तह" भन्ने शव्दहरु राखी रुपान्तर गर्ने ।

# “राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण (पाँचौं संशोधन) विधेयक, २०७१” को प्रतिवेदन

१. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण (पाँचौं संशोधन) विधेयक (यस पछि “विधेयक” भनिएको) को विधि निर्माण सुत्रमा रहेका “नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिम व्यवस्थापिका-संसदको हैसियतमा संविधानसभाले” भन्ने शव्दहरुको सट्टा “नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले” भन्ने शव्दहरु राख्ने ।

२. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण (पाँचौं संशोधन) विधेयक (यस पछि “विधेयक” भनिएको) को दफा १ को उपदफा (१) मा रहेको “२०७१” भन्ने अंकको सट्टा “२०७३” भन्ने अंक राख्ने ।

३. विधेयकको दफा २ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्ने :-

“(१) खण्ड (ङ२) पछि देहायको खण्ड (ङ३) थपिएको छ :-

“(ङ३) “जैविक मार्ग” भन्नाले वन्यजन्तुहरु एक बासस्थानबाट अर्को बासस्थानमा आवत जावत गर्ने बाटो सम्झनु पर्छ ।””

(२) उपदफा (२) को खण्ड (च२) मा रहेको “वा” भन्ने शब्दको सट्टा “सम्झनु पर्छ र सो शब्दले” भन्ने शब्दहरु राख्ने ।

४. विधेयकको दफा ४ को सट्टा देहायको दफा ४ राख्ने :-

“४. मूल ऐनको दफा ३ख. मा संशोधन : मूल ऐनको दफा ३ख. को सट्टा देहायको दफा ३ख. राखिएको छ :-

“३ख. मध्यवर्ती क्षेत्रको व्यवस्थापन तथा संरक्षण : (१) मध्यवर्ती क्षेत्रको व्यवस्थापन तथा संरक्षण सम्बन्धी कार्य सम्बन्धित उपभोक्ता समितिको परामर्शमा संरक्षकले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले स्वीकृत गरेको व्यवस्थापन योजना अनुसार गर्नु पर्नेछ ।

तर यसरी व्यवस्थापन तथा संरक्षण गर्दा उक्त क्षेत्रमा रहेको स्थानीय जनताको भू-स्वामित्वलाई कुनै असर पारिने छैन ।

(२) वातावरणलाई प्रतिकूल असर नपुग्ने र वन्यजन्तुलाई हानी नोक्सानी नपुग्ने गरी मध्यवर्ती क्षेत्रमा तोकिए बमोजिम उद्योगधन्दा, होटल, लज, सार्वजनिक यातायात वा यस्तै किसिमका अन्य सेवा वा सुविधा सञ्चालन गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम सेवा वा सुविधा सञ्चालन गर्ने सम्बन्धमा सम्बन्धित उपभोक्ता समितिसँग परामर्श गरी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले मापदण्ड बनाई लागू गर्नेछ ।

(४) संरक्षकले उपदफा (२) बमोजिम सञ्चालन भएका सेवा वा सुविधाको सम्बन्धमा नियमित रुपमा अनुगमन गर्नु वा गराउनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम संरक्षकले अनुगमन गर्दा वा गराउँदा उपलब्ध भएसम्म सम्बन्धित उपभोक्ता समितिलाई समेत संलग्न गराउनु पर्नेछ ।

(६) मध्यवर्ती क्षेत्रमा विपद्मा परी कुनै परिवारलाई वन पैदावार आवश्यक परेमा उपभोक्ता समितिको परामर्शमा संरक्षकले मध्यवर्ती क्षेत्रको कुनै स्थानबाट त्यस्तो वन पैदावार सङ्कलन गर्न तोकिए बमोजिम अनुमति दिनेछ ।""

५. विधेयकको दफा ७ को सट्टा देहायको दफा ७ राख्ने :-

"७. मूल ऐनको दफा ५ मा संशोधन : मूल ऐनको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छ :-

"५. राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र निषिद्ध कार्यहरु : (१) अधिकार प्राप्त अधिकारीबाट लिखित अनुमति नलिई कुनै पनि व्यक्तिले राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र देहायको काम गर्न पाउने छैन :-

(क) वन्यजन्तुको शिकार गर्न वा आखेटोपहार ओसारपसार गर्न,

(ख) जुनसुकै पदार्थको घर, छाप्रो, आश्रय वा अरु आकार बनाउन वा भोग गर्न,

(ग) कुनै भू-भाग कब्जा गर्न, सफा गर्न, आवादी गर्न, खेती गर्न वा कुनै बाली उब्जाउन वा काट्न,

(घ) घर पालुवा जीवजन्तु वा पक्षी चराउन वा पानी खुवाउन,

(ङ) रुख, बिरुवा, झाडी वा अन्य कुनै वन पैदवार काट्न, ढाल्न, हटाउन, छेक्न वा वन पैदावार सुक्ने कुनै काम गर्न वा आगो लगाउन वा अरु कुनै प्रकारले हानि नोक्सानी पुऱ्याउन वा वन पैदावार ओसारपसार गर्न,

(च) खानी खन्न, ढुङ्गा खन्न वा कुनै खनिज पदार्थ, ढुङ्गा, कङ्कड, माटो वा अन्य यस्तै पदार्थ हटाउन,

(छ) वन पैदावार वा वन्यजन्तु, पक्षी वा जग्गालाई क्षति पुऱ्याउन,

(ज) हातहतियार खरखजाना वा विष साथमा लैजान वा प्रयोग गर्न,

(झ) काजमा खटिएका सरकारी कर्मचारी वा राष्ट्रिय निकुञ्ज वा आरक्षभित्रको प्रचलित बाटोको यात्रुहरु बाहेक अरुले घरपालुवा वा अन्य किसिमको जीव जन्तु वा आखेटोपहार लैजान, र

(ञ) राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र बग्ने नदी, खोला वा पानीको कुनै स्रोत थुन्न, फर्काउन वा त्यसमा कुनै हानिकारक वा विस्फोटक पदार्थहरु प्रयोग गर्न ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि वातावरण, वन वा वन्यजन्तुलाई प्रतिकूल असर नपर्ने गरी राष्ट्रिय निकुञ्ज वा आरक्षको प्रकृति अनुसार तोकिए बमोजिमका निकुञ्ज वा आरक्षमा परम्परागत रुपमा उपभोग गर्दै आएका सुविधा प्राप्त बाटो, रैथाने चरिचरन, खानेपानी, सिँचाइ तथा तटबन्धको प्रयोग गर्न, परम्परागत रुपमा सङ्कलन गर्दै आएको जङ्गली सागसब्जी तथा कन्दमूल सङ्कलन र माछा मार्नको लागि स्थानीय जनतालाई तोकिए बमोजिम अनुमति दिइनेछ ।

(३) मध्यवर्ती क्षेत्रमा विपद्मा परी कुनै परिवारलाई वन पैदावार आवश्यक परेमा र मध्यवर्ती क्षेत्रको कुनै स्थानबाट दफा ३ख. को उपदफा (६) बमोजिम संकलन गरिएको वन पैदावार पर्याप्त नहुने भएमा उपभोक्ता समितिको परामर्शमा संरक्षकले राष्ट्रिय निकुञ्ज वा आरक्षको कुनै स्थानबाट त्यस्तो वन पैदावार सङ्कलन गर्न तोकिए बमोजिम अनुमति दिनेछ ।””

६. विधेयकको दफा ८ मा रहेका “व्यक्ति वा निकाय” भन्ने शब्दहरुको सट्टा “व्यक्ति, निकाय, उपभोक्ता समिति वा स्थानीय तह” भन्ने शब्दहरु राख्ने ।

७. विधेयकको दफा ९ को,-

(१) मूल ऐनमा थप गर्न प्रस्तावित दफा १५ख. को उपदफा (१) पछि देहायको उपदफा (२) थपी उपदफाक्रम मिलाउने :-

“(२) उपदफा (१) बमोजिम अध्ययन वा अनुसन्धानको लागि कुनै वन्यजन्तु प्रदान गर्दा त्यस्तो अध्ययन वा अनुसन्धानबाट प्राप्त हुने नतिजा नेपालको लागि समेत उपयोगी हुने ठानेमा नेपाल सरकारले त्यस्तो नतिजा नेपाललाई समेत उपलब्ध गराउने शर्त सहित त्यस्तो वन्यजन्तु प्रदान गर्न सक्नेछ ।”

(२) मूल ऐनमा थप गर्न प्रस्तावित दफा १५ग. को,-

(क) उपदफा (१) मा रहेका “संगठित संस्था वा निकायले” भन्ने शब्दहरुको सट्टा “संस्था, निकाय वा स्थानीय तहले” भन्ने शब्दहरु राख्ने ।

(ख) उपदफा (२) मा रहका “व्यक्ति वा संस्थाले” भन्ने शब्दहरुको सट्टा “व्यक्ति, संस्था वा स्थानीय तहले” भन्ने शब्दहरु राख्ने ।

(३) मूल ऐनमा थप गर्न प्रस्तावित दफा १५घ. को उपदफा (१) मा रहेका “घोषणा गरी” भन्ने शब्दहरु पछि “सम्बन्धित उपभोक्ता समितिसँग परामर्श गरी” भन्ने शब्दहरु थप्ने ।

(४) मूल ऐनमा थप गर्न प्रस्तावित दफा १५ङ. को सट्टा देहायको खण्ड १५ङ. राख्ने :-

“१५ङ. विदेशी मुलुकलाई वन्यजन्तु उपलब्ध गराउन सकिने : (१) कुनै पनि विदेशी मुलुकको सरकारले तोकिएको शर्तको अधीनमा रही नेपालमा रहेको वन्यजन्तु माग गरेमा र नेपाल सरकारले संरक्षण र व्यवस्थापनका दृष्टिकोणले उपयुक्त ठानेमा तोकिए बमोजिमको प्रक्रिया पुरा गरी त्यस्ता वन्यजन्तु उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम वन्यजन्तु उपलब्ध गराएको वार्षिक विवरण वन तथा भू-संरक्षण मन्त्रालयले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र संघीय संसदको सम्बन्धित समिति समक्ष पेश गर्नु पर्नेछ ।"

८. विधेयकको दफा १० को मूल ऐनमा थप गर्न प्रस्तावित दफा २०क. को सट्टा देहायको दफा २०क. राख्ने :-

"२०क. आखेटोपहार प्रयोग गर्न दिन वा नष्ट गर्न सकिने : (१) प्राकृतिक वा अन्य कारणबाट मृत्यु भएका वन्यजन्तुबाट सङ्कलन गरिएको वा प्रचलित कानून बमोजिम जफत गरिएको आखेटोपहार नेपाल सरकारले शैक्षिक वा अनुसन्धान संस्थालाई शैक्षिक वा अनुसन्धान प्रयोजनको लागि प्रयोग गर्न दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सङ्कलन वा जफत गरिएको आखेटोपहार प्राकृतिक विज्ञान संग्रहालयमा प्रदर्शनीको लागि राख्न सकिनेछ ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संरक्षण गर्न उपयोगी र आवश्यक नदेखिएको आखेटोपहार नेपाल सरकारले नष्ट गर्न सक्नेछ ।

(४) यस दफा बमोजिम आखेटोपहार प्रयोग गर्न दिने वा नष्ट गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

९. विधेयकको दफा १३ को,-

(१) उपदफा (३), (४) र (५) झिकी उपदफाक्रम मिलाउने ।

(२) उपदफा (६) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (३) को थप गर्न प्रस्तावित,-

(क) उपदफा (५क) को सट्टा देहायको उपदफा (५क) राख्ने :-

"(५क) दफा ५ को उपदफा (१) को खण्ड (ख) अन्तर्गतको कसूर गर्नेलाई बीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ । त्यस्तो कसुर गर्दा वन पैदावार हटाएको वा नोक्सानी गरेको भए सो बापत हुने सजाय समेत हुनेछ ।"

(ख) उपदफा (५ख) को खण्ड (ग) मा रहेका "दुई वर्षसम्म" भन्ने शब्दहरुको सट्टा "एक वर्षसम्म" भन्ने शब्दहरु राख्ने ।

(३) उपदफा (६) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (३) पछि देहायको उपदफा (४) थप्ने :-

"(४) उपदफा (६) मा रहेका "उपदफा (१), (२), (३), (४) र (५)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१), (२), (३), (४), (५), (५क), (५ख) र (५ग)" भन्ने शब्दहरु राखिएका छन् ।"

१०. विधेयकको दफा १५ को सट्टा देहायको दफा १५ राख्ने :-

"१५. रुपान्तर : मूल ऐनको ठाउँ ठाउँमा रहेका "स्थानीय बासिन्दा" भन्ने शव्दहरुको सट्टा "स्थानीय जनता" भन्ने शव्दहरु राखी रुपान्तर गरिएको छ ।

११. रुपान्तर : विधेयकमा रहेका "संरक्षित क्षेत्र" भन्ने शव्दहरुको सट्टा "राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्र" भन्ने शव्दहरु राखी रुपान्तर गर्ने ।

## “सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियमन तथा नियन्त्रण गर्न बनेको विधेयक” को प्रतिवेदन, २०७३

१. सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियमन तथा नियन्त्रण गर्न बनेको विधेयक (यस पछि “विधेयक” भनिएको) को विधि निर्माण सुत्रमा रहेका “नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिम व्यवस्थापिका-संसदको हैसियतमा संविधानसभाले” भन्ने शव्दहरुको सट्टा “नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले” भन्ने शव्दहरु राख्ने ।

२. विधेयकको दफा १ को उपदफा (१) मा रहेको “२०७२” भन्ने अंकको सट्टा “२०७३” भन्ने अंक राख्ने ।

३. विधेयकको दफा २ को खण्ड (ङ) को उपखण्ड (२) मा रहेको “टुक्रा,” भन्ने शब्द पछि “डाँठ, हाँगा, पात, फल,” भन्ने शब्दहरु थप्ने ।

४. विधेयकको दफा ३ को उपदफा (२) को खण्ड (ग) मा रहेको “नमूना उत्पादन गर्न,” भन्ने शब्दपछि “निकासी वा पैठारी गर्न,” भन्ने शब्दहरु थप्ने ।

५. विधेयकको दफा १७ को खण्ड (ग) मा रहेको “अनुसन्धान” भन्ने शब्द पछि “तथा प्रचार-प्रसार” भन्ने शब्दहरु थप्ने ।

६. विधेयकको दफा २३ को उपदफा (१) मा रहेका “सम्वन्धित जिल्ला वन अधिकृत वा” भन्ने शब्दहरुको सट्टा “जिल्ला वन कार्यालय रहेको जिल्लामा जिल्ला वन अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी तथा जिल्ला वन कार्यालय नरहेको जिल्लामा” भन्ने शब्दहरु राख्ने ।

७. विधेयकको दफा २७ को उपदफा (२) पछि देहायको उपदफा (३) थपी उपदफा क्रम मिलाउनेः-

“(३) उपदफा (१) बमोजिम वन्यजन्तु वा वनस्पति वा सोको नमूना उपलब्ध गराएको वार्षिक विवरण वन तथा भू-संरक्षण मन्त्रालयले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र संघीय संसदको सम्बन्धित समिति समक्ष पेश गर्नु पर्नेछ ।”

८. विधेयकको दफा २९ मा रहेको “साँस्कृतिक,” भन्ने शब्द पछि “परम्परागत ज्ञानको प्रवर्द्धन,” भन्ने शब्दहरु थप्ने ।

९. विधेयकको दफा ३० को उपदफा (१) को,-

(१) खण्ड (ग) मा रहेका “लिलाम गर्ने, वा” भन्ने शब्दहरुको सट्टा “लिलाम गर्ने,” भन्ने शब्दहरु राख्ने ।

(२) खण्ड (घ) मा रहेको “गराउने ।” भन्ने शब्दको सट्टा “गराउने, वा” भन्ने शब्दहरु राख्ने ।

(३) खण्ड (घ) पछि देहायको खण्ड (ङ) थप्ने :-

“(ङ) तोकिए बमोजिम अन्य तरिकाले व्यवस्थापन गर्ने वा गराउने ।”

# भाग-६

# निष्कर्ष

## ६.१ निष्कर्ष

व्यवस्थापिका-संसद अन्तर्गत रहेको यस समितिले गत आर्थिक वर्षभित्र कार्यक्षेत्रभित्र रहेका मन्त्रालयहरू र वातावरणसँग संम्वद्ध विषय क्षेत्रहरूका सम्वन्धमा विभिन्न मितिहरूमा गरी सम्पन्न बैठकहरू मार्फत गरिएका निर्णय तथा दिएका निर्देशन एवं वर्षभरीमा वातावरण संरक्षणका क्षेत्रमा विभिन्न क्षेत्रहरूको स्थलगत अवलोकन भ्रमण गरी वातावरणीय विनासबाट उत्पन्न सिर्जित समस्याहरूलाई औंल्याइ सुधारका लागि समय-समयमा सम्बद्ध सरोकारवाला पक्षहरू एवं समितिको कार्यक्षेत्र भित्रका मन्त्रालयहरूलाई निर्देशन गरे वमोजिमका विषयवस्तुहरू यस प्रतिवेदनमा समेटिएका छन् ।

समितिले यी सबै प्रयत्नहरूबाट वातावरण संरक्षणलाई पहिलो प्राथमिकतामा राखी कार्य अगाडि बढाउने, आफ्ना कार्यक्षेत्रभित्रका मन्त्रालयहरूका कार्यहरूको सम्वन्धमा जानकारी लिने, कार्य सम्पादनको अवस्थाको सम्वन्धमा अनुगमन गरी आवश्यक सहयोग पुर्‍याउने, विधेयकहरूका सम्वन्धमा छलफल गरी पारित गर्ने लगायतका कार्यहरू सम्पादन गरेको छ । समितिले आफ्नो कार्य क्षेत्रसँग सम्वन्धित र सरोकार राख्ने विषय, क्षेत्र, संघ संस्थासँग छलफल, अन्तरक्रिया समेत सम्पन्न गरेको छ । यसै सिलसिलामा दिगो विकास लक्ष्यका उद्देश्यहरूलाइ्र परिपूर्ति गर्न समितिले काठमाडौं, पोखरा, धरान, जनकपुर, सुर्खेत र धनगढीमा बृहत छलफल अन्तरक्रिया कार्यक्रम सम्पन्न गर्‍यो । समितिले देहाय विषयहरूलाई उच्च प्राथमिकतामा राखी कार्यहरू गर्न शुरूवात गरेको छ :

- वातावरण संरक्षणको क्षेत्रमा प्रभावकारी रूपमा भूमिका खेल्ने ।
- समितिले दिएका निर्देशनहरूको पनि कार्यान्वयन पक्ष फितलो रहेको र समितिले मन्त्रालयको कार्य सम्पादन तथा समितिले दिएका निर्देशनको कार्यान्वयनको अवस्थाका बारेमा प्रभावकारी रूपमा अनुगमन गर्ने ।
- विधेयक लगायत समितिका कार्यक्षेत्रभित्रका विषयहरूमा अध्ययन, अनुसन्धानका कार्यहरू अत्यन्तै कमजोर रहेका छन् । मन्त्रालयहरूबाट पेश गरिएका विवरणहरूमा मात्र आधारित भै समितिका काम कारवाहीहरू हुने गरेका छन् । अझ वातावरणका सम्वन्धमा व्यापक रूपमा गरिनु पर्ने अध्ययन, अनुसन्धानको पाटो कमजोर रहेको छ, यसमा सुधार गर्दै जाने ।
- तिव्र रूपमा भैरहेको जनसंख्या वृद्धिका कारण वातावरणमा परेको चाप, स्रोत साधनमाथिको अत्यधिक दोहन, अव्यवस्थित शहरीकरण र अस्तव्यस्त वसोवासलाई दिगो सोचमा आधारित भै जनसंख्या र वातावरण बीचको सम्वन्धमा खलल नपुग्ने गरी सन्तुलित रूपमा व्यवस्थापन गर्ने गरी क्षेत्रगत रूपमा नीतिहरू तर्जुमा गरी लागू गर्ने, गराउने कार्य ।
- अव्यवस्थित बसोबास प्रणालीलाई व्यवस्थित गराउने सम्वन्धमा प्रभावकारी भूमिका निर्वाह गर्ने ।

- सामाजिक उत्तरदायित्वलाई विर्सेर गरिएको वन अतिक्रमण, खेतीमा रसायनिक मलको अधिक प्रयोग लगायतका कारण वातावरण, जैविक विविधतामा पुगेको नकरात्मक असरलाई न्यूनीकरण गर्ने विषयमा ठोस भूमिका खेल्ने ।
- जीवनशैलीलाई आमूल परिवर्तन गराउने सूचना तथा संचार प्रविधि (Information Communication Technology–ICT) लाई जीवनपयोगी बनाउने विषयलाई प्राथमिकता राख्ने ।
- भू–उपयोग र जनजीवनको बीचमा उचित सन्तुलन र संयोजन गर्ने खालको देशगत एकीकृत नीति तर्जुमा गर्ने गराउने कार्य गर्ने ।
- जोखिमयुक्त वन्यजन्तु एवं वनस्पति जगेर्नाका लागि संरक्षित क्षेत्रको अवधारणा लागू गर्नु अत्यावश्यक भए यसतर्फ प्रभावकारी भूमिका खेल्ने ।
- बढ्दो वनस्पति र जीवजन्तुको विनाशलाई रोक्नका लागि एकीकृत योजना सम्वन्धी अवधारणालाई लागू गर्ने ।
- समितिको कार्य सम्वन्धी वार्षिक कार्यतालिका (Annual Calendar) तयार गरी सो अनुरूप कार्य गर्ने परम्परा बसाल्ने ।

## ६.२ समितिका आगामी दिनका कार्यहरु

- समितिको रणनीतिक योजना तयार गरी कार्यान्वयन गर्ने कार्य ।
- नेपाल पक्ष भएका वातावरण सम्वन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौता अनुरूप नेपालले वहन गर्नुपर्ने दायित्व र प्राप्त हुने अधिकारहरूको बारेमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने कार्य ।
- नेपालका लागि आवश्यक राष्ट्रिय वातावरण नीति तयार गरी, गराई कार्यान्वयन गर्ने, गराउने कार्य ।
- दिगो विकासका लक्ष्य अनुसार कार्य गरे, नगरेको विषयमा विस्तृत रूपमा अध्ययन गरी दिगो विकासका लक्ष्यहरूलाई प्राप्तिका लागि सरकारलाई निर्देशन दिने सम्वन्धी कार्य ।
- वन, जैविक विविधता तथा जलवायु परिवर्तनबाट प्रत्यक्ष रूपमा मारमा परेका स्थानीय समुदाय, आदिवासी, जनजातिहरूको सम्वन्धमा अन्तर्राष्ट्रिय सन्धि, संझौताहरूले प्रदान गरेका सुहलियत, सुविधा तथा अधिकारहरू स्थापित गर्ने, गराउने सम्वन्धी कार्य ।
- समितिका काम कारवाहीहरूलाई प्रभावकारी बनाउन साविकमा क्रियाशील नभएका उपसमितिहरूलाई क्रियाशील बनाउने तथा कतिपय क्रियाशील भैरहेका उपसमितिहरूलाई पनि अझ प्रभावकारी बनाउन उपसमितिहरूको पुनर्गगठन गर्ने कार्य ।
- समितिको कार्यक्षेत्रभित्र पर्ने मन्त्रालय र अन्तर्गतका निकायहरूले अपनाएको नीति तथा कार्यान्वयनमा रहेका कार्यक्रम, परिचालन र व्यवस्थापन गरेको स्रोत लगायतका विषयमा व्यापक रूपमा अध्ययन गरी आवश्यक निर्देशन दिने कार्य ।

- समितिको कार्यक्षेत्रभित्र पर्ने मन्त्रालय र अन्तर्गतका निकायहरूले गर्दै आएको खर्चमा के-कसरी किफायती गर्न सकिन्छ तथा कार्यलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने विषयमा अध्ययन गरी सम्वन्धित निकायलाई निर्देशन दिन आवश्यक छ ।
- समितिको कार्यक्षेत्रभित्र पर्ने मन्त्रालय र अन्तर्गतका निकायहरूबाट सार्वजनिक सम्पत्तिको हिनामिना भए, नभएको अध्ययन, अनुगमन र मूल्यांकन गरी निर्देशन दिने कार्य ।
- मन्त्रालय, विभाग र अन्य निकायहरूको कार्यक्षेत्रभित्र पर्ने कार्यहरूको प्रभावकारी रूपमा कार्य सम्पादन भए, नभएको विषयमा अनुगमन तथा मूल्याङ्कन गरी सो सम्वन्धमा आवश्यक निर्देशन दिने कार्य ।
- समितिको वार्षिक कार्यतालिका (Annual Calendar) तयार गरी समितिको कार्यलाई प्रभावकारी रूपमा अगाडि बढाउने कार्य ।
- कार्यक्षेत्रभित्र पर्ने मन्त्रालयहरूका नीति तथा योजनाहरूलाई जनस्तरले बुझ्ने र जनता समक्ष प्रत्यक्ष लाभ उपलब्ध हुने गरी त्यस्ता नीति तथा योजनाहरूलाई कार्यान्वयनमा ल्याउने सम्वन्धी कार्य ।
- स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने मानिसको नैसर्गिक अधिकार स्थापनाका लागि अभियानका रूपमा सबै सार्वजनिक निकायहरूले कम्तीमा पनि आफ्नो परिसरभित्र अनिवार्य रूपमा वृक्षारोपण गरी हरियालीलाई प्रवर्द्धन गर्ने, गराउने कार्य ।
- भू-उपयोग र जनजीवनको बीचमा उचित सन्तुलन र संयोजन गर्ने खालको देशगत एकीकृत नीति तर्जुमा गर्ने गराउने कार्य पछाडि परेको छ ।
- जनसंख्या, वातावरण, वसोवासको व्यवस्थापन लगायतका विभिन्न क्षेत्रगत नीतिहरूको तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने कार्य ।
- विधेयक लगायत समितिका कार्यक्षेत्रभित्रका विषयहरूमा अध्ययन, अनुसन्धानका कार्यहरूलाई प्रभावकारी रूपमा अगाडि बढाउने कार्य ।
- पर्वतारोहरण लगायत वातावरणमा प्रत्यक्ष रूपमा असर पर्ने क्रिकलापहरूबाट प्राप्त हुने रोयल्टीको निश्चित प्रतिशत स्थानिय स्तरमै वातावरण संरक्षणका लागि उपयोग गर्ने नीतिलाई प्रभावकारी बनाउन पहल गर्नु पर्ने विषय ।

अन्तमा, संसदीय समितिहरूको क्रियाशीलता र सक्रियताले नै समग्र सार्वजनिक प्रशासनमा सुशासन स्थापना गर्न, गराउन सकिन्छ । जनताका आशा र अपेक्षालाई जनताको निगरानीमा जनताकै प्रतिनिधिहरू मार्फत कार्यान्वयन गर्ने, गराउने निकाय भनेकै संसद र संसदीय समितिहरू हुन् । व्यवस्थापिका-संसदको सफलता र प्रभावकारिता संसदीय समितिहरूकै सफलता र प्रभावकारितामा भर पर्ने हुनाले संसदीय व्यवस्थामा संसदीय समितिहरूको महत्वपूर्ण भूमिका रहेको हुन्छ । वातावरण संरक्षण समिति यस विषयमा सचेत पनि छ ।

यसकारण सम्वन्धित निकायहरूले पनि आ-आफ्ना कार्यहरूलाई तदारूकताका साथ आम नागरिकले अनुभूति गर्ने गरी सम्पादन गर्ने र यस सम्वन्धमा समितिले दिएका निर्देशनहरू निर्देशित समय सीमाभित्र नै सम्पादन गर्ने परम्पराको थालनी गर्नु पर्ने आवश्यकता छ । समिति आगामी दिनमा अध्ययन, अनुसन्धान र अनुगमन तथा मूल्याङ्कन जस्ता उपकरणहरूका साथ कार्य गर्ने विषयमा दृढ छ ।

# अनुसूची –१

## वातावरण संरक्षण समितिका माननीय सदस्यहरु

१. मा. गीता क्षेत्री – सभापति
२. मा. अग्निप्रसाद सापकोटा
३. मा. अमियकुमार यादव
४. मा. कमला विश्वकर्मा
५. मा. कविताकुमारी सरदार
६. मा. गणेशप्रसाद विमली
७. मा. चित्रलेखा यादव
८. मा. जीवनकुमारी घिमिरे
९. मा. जुनैद अंसारी
१०. मा. टुकराज सिग्देल
११. मा. दिर्घराज भाट
१२. मा. दिलमाया धामी
१३. मा. दिलिप खवास गच्छदार
१४. डा. दुमन सिंह थापा क्षेत्री
१५. मा. नेजमा आलम
१६. मा. पर्तमान धिमाल
१७. मा. परशुराम तामाङ
१८. मा. पार्वत गुरूङ
१९. मा. पुरूषोत्तम पौडेल
२०. मा. प्रकाशमान सिंह
२१. मा. मदनबहादुर अमात्य
२२. मा. मधु शाही ठकुरी
२३. मा. मानपुर चौधरी
२४. मा. मानबहादुर विश्वकर्मा
२५. मा. मिठु मल्ल
२६. मा. मुक्तिप्रसाद पाठक
२७. मा. रबनी चौधरी
२८. मा. राजकुमारी गडेरिया
२९. मा. राजाराम स्याङतान
३०. मा. राधिका तामाङ
३१. मा. रंजित कर्ण
३२. मा. लिला कोइराला
३३. मा. लिला मगर
३४. मा. शान्ती देवी चौधरी
३५. मा. शुशिला चौधरी
३६. मा. सकलदेव सुतिहार
३७. मा. सत्यनारायण मण्डल
३८. मा. सीता लुइटेल (ज्ञवाली)
३९. मा. सुर्य प्रकाश वाला राई
४०. मा. सुरेन्द्रराज आचार्य
४१. मा. सोनिया यादव
४२. मा. हरिप्रसाद उप्रेती
४३. मा. हरिबहादुर राजवंशी

**पदेन सदस्यहरु**

सम्माननीय प्रधानमन्त्री
खानेपानी तथा सरसफाई मन्त्री
जनसंख्या तथा वातावरण मन्त्री
वन तथा भू-संरक्षण मन्त्री
विज्ञान तथा प्रविधि मन्त्री
सहरी विकास मन्त्री

# अनुसूची -२

## वातावरण संरक्षण समिति अन्तर्गत गठिन उपसमितिका माननीय सदस्यहरु

### १. कार्य परामर्श उपसमिति

| क्र. सं. | सदस्यहरू | कैफियत |
|---|---|---|
| १. | मा. गीता क्षेत्री - संयोजक | मिति २०७४ असार ३० गतेको समितिको बैठकले निर्णय गरी गठन भएको हो । यस उपसमितिले २०७४ साउन १ गतेबाट आफ्नो काम थालनी गरेको । |
| २. | मा. मानबहादुर विश्वकर्मा | |
| ३. | मा. पार्वत गुरूङ | |
| ४. | मा. राधिका तामाङ | |
| ५. | मा. सीता लुईटेल (ज्ञवाली) | |
| ६. | मा. कमला विश्वकर्मा | |
| ७. | मा. राजकुमारी गडेरिया | |

### २. वन तथा भू-संरक्षण उपसमिति

| क्र. सं. | सदस्यहरू | कैफियत |
|---|---|---|
| १. | मा. राजाराम स्याङ्तान - संयोजक | मिति २०७४ असार ३० गतेको समितिको बैठकले निर्णय गरी पूनर्गठन गरिएको । |
| २. | मा. कविता कुमारी सरदार | |
| ३. | मा. मिठु मल्ल | |
| ४. | मा. सुरेन्द्रराज आचार्य | |
| ५. | म. गणेशप्रसाद बिमली | |
| ६. | मा. पार्वत गुरूङ | |
| ७. | मा. लिला मगर | |
| ८. | मा. अग्नीप्रसाद सापकोटा | |
| ९. | मा. सुर्यप्रकाश वाला राई | |
| १०. | मा. परशुराम तामाङ | |

३. जनसंख्या तथा वातावरण सम्बन्धी उपसमिति

| क्र.सं. | सदस्यहरू | कैफियत |
|---|---|---|
| १. | संयोजक | मिति २०७४ असार ३० गतेको समितिको बैठकले निर्णय गरी पूनर्गठन गरिएको । मा. छमवहादुर गुरूङ मन्त्री पदमा नियुक्त हुन भएकोले हाल संयोजक पद रिक्त रहेको । |
| २. | मा. चित्रलेखा यादव | |
| ३. | मा. मानवहादुर विश्वकर्मा | |
| ४. | मा. जीवनकुमारी घिमिरे | |
| ५. | मा. टुकराज सिग्देल | |
| ६. | मा. हरिप्रसाद उप्रती | |
| ७. | मा. राधिका तामाङ | |

४. सहरी विकास सम्बन्धी उपसमिति

| क्र.सं. | सदस्यहरू | कैफियत |
|---|---|---|
| १. | मा. सीता लुईटेल (ज्ञवाली) – संयोजक | मिति २०७४ असार ३० गतेको समितिको बैठकले निर्णय गरी पूनर्गठन गरिएको । |
| २. | मा. शान्तिदेवी चौधरी | |
| ३. | मा. मधु शाही ठकुरी | |
| ४. | मा. रंजित कर्ण | |
| ५. | मा. सकलदेव सुतिहार | |
| ६. | मा. पुरूषोत्तम पौडेल | |
| ७. | मा. सत्यनारायण मण्डल | |
| ८. | मा. रवनी चौधरी | |
| ९. | मा. मानपुर चौधरी | |

५. खानेपानी तथा सरसफाई उपसमिति

| क्र. सं. | सदस्यहरू | कैफियत |
|---|---|---|
| १. | मा. मदनवहादुर अमात्य – संयोजक | मिति २०७४ असार ३० गतेको समितिको बैठकले निर्णय गरी पूनर्गठन गरिएको । |
| २. | मा. लिला कोइराला | |
| ३. | मा. सुशीला चौधरी | |
| ४. | मा. अमियकुमार यादव | |
| ५. | डा. दुमन सिंह थापा क्षेत्री | |
| ६. | मा. मुक्तिप्रसाद पाठक | |
| ७. | मा. जुनैद अन्सारी | |
| ८. | मा. सोनिया यादव | |

६. विज्ञान तथा प्रविधि उपसमिति

| क्र.सं. | सदस्यहरू | कैफियत |
|---|---|---|
| १. | मा. कमला विश्वकर्मा – संयोजक | मिति २०७४ असार ३० गतेको समितिको बैठकले निर्णय गरी पूनर्गठन गरिएको । |
| २. | मा. प्रकाशमान सिंह | |
| ३. | मा. दिर्घराज भाट | |
| ४. | मा. दिलिप खवास गच्छदार | |
| ५. | मा. नेजमा आलम | |
| ६. | मा. हरिवहादुर राजवंशी | |
| ७. | मा. पर्तमान धिमाल | |
| ८. | मा. दिलमाया धामी | |
| ९. | मा. राजकुमारी गडेरिया | |

## अनसुची -३

## व्यवस्थापिका-संसद सचिवालयका महासचिव र सचिव

श्री मनोहरप्रसाद भट्टराई - महासचिव

श्री हिमलाल सुवेदी - सचिवालय सचिव

श्री बीरेन्द्रबहादुर कार्की - सचिवालय सचिव

### समिति सचिवालयका कर्मचारीहरु

श्री सुरजकुमार दुरा - सहसचिव (समिति सचिव)

श्री सहजित राई - उपसचिव

श्री बिनोदकुमार माली - शाखा अधिकृत

श्री रविन अधिकारी - नायव सुब्बा

श्री मिरा रोका मगर - कार्यालय सहयोगी

### मुद्रणतर्फ

श्री जगदिश्वरलाल श्रेष्ठ - मुद्रण अधिकृत

श्री बाबुराजा महर्जन - मुद्रण अधिकृत

श्री सागरकुमार तुलाधर - मुद्रण अधिकृत

श्री गम्भीरमान सिंह - सि. प्रे. टे.

श्री राजेन्द्रप्रसाद लामिछाने - सि. प्रे. टे.

श्री प्रेमबहादुर चन्द - सि. प्रे. टे

श्री रोबन प्रजापति - सि. प्रे. टे.

श्री कृष्णकला पौडेल - प्रे. टे.

श्री माधव पौडेल - प्रे. टे.

श्री मदन गिरी - का. स.

# अनुसूची -४

## वातावरणसँग सम्बन्धित केही राष्ट्रिय ऐन, कानून, नीति, रणनीति तथा मापदण्डहरु

**१. वातावरणसँग सम्वन्धित केही ऐन तथा नियमहरु**

| | |
|---|---|
| १. | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ |
| २. | वन ऐन, २०४९ |
| ३. | वातावरण संरक्षण ऐन, २०५३ |
| ४. | चितवन राष्ट्रिय निकुञ्ज नियमावली, २०३० |
| ५. | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० |
| ६. | वन्यजन्तु आरक्ष नियमावली, २०३४ |
| ७. | हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६ |
| ८. | खप्तड राष्ट्रिय निकुञ्ज नियमावली, २०४४ |
| ९. | वन नियमावली, २०५१ |
| १०. | मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०४४ |
| ११. | वर्दिया राष्ट्रिय निकुञ्ज नियमावली, २०५३ |
| १२. | संरक्षण क्षेत्र व्यवस्थापन निमायवली, २०५३ |
| १३. | वातावरण संरक्षण नियमावली, २०५४ |
| १४. | संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७ |
| १५. | ओजोन तहलाई नष्ट गर्ने पदार्थको उपभोग -नियन्त्रण) नियमावली, २०५७ |
| १६. | कञ्चनजङ्गा संरक्षण क्षेत्र व्यवस्थापन निमायवली, २०६४ |

**२. वातावरणसँग सम्वन्धित केही मापदण्डहरु**

| | |
|---|---|
| १. | काठमाडौं उपत्यकामा चल्ने सवारी साधनहरूको प्रदुषण मापदण्ड, २०५४ |
| २. | वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६० (National Ambient Air Quality Standards) |
| ३. | ईंटा भट्टा उद्योगबाट निस्कने धुँवा तथा चिम्नीको उचाई सम्बन्धी मापदण्ड, २०६४ |
| ४. | घरभित्रको वायुको गुणस्तर राष्ट्रिय मापदण्ड, २०६६ (National Indoor Air Quality Standards) |
| ५. | सर्फेस फिनिसिङ्ग उद्योगहरू (Galvanizing Industries) र पेन्ट उद्योगहरू (Electroplating Industries) को सतही पानीमा विकारका पदार्थहरू निष्काशन सम्बन्धी Effluent Standards, २०६७ |
| ६. | नेपाल सवारी प्रदुषण मापदण्ड, २०६९ (Nepal Vehicle Mass Emission Standards) |
| ७. | गैरअल्कोहलजन्य पेय पदार्थ र औषधी उत्पादन गर्ने उद्योगहरूबाट सतही पानीमा पठाईने Effluent को घटि-बढि सिमा सम्बन्धी मापदण्ड, २०६९ |
| ८. | ध्वनीको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९ |
| ९. | सिमेन्ट उद्योग तथा क्रसर उद्योगबाट निष्काशन भई हावामा जाने धूलो सम्बन्धी मापदण्ड, २०६९ |